महिलालाई थप सशक्तिकरण गर्न आवश्यक :देउवा | पृष्ठ २ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ३०३ • २०८० साल चैत्र १९ गते सोमबार (1 April, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## गोयन्का पक्राउ

टुडे समाचारदाता

लहान। सिरहा जिल्लाको मिर्चैयामा रहेको शारदा डिष्ट्रिलरीका सञ्चालक प्रमोद गोयन्कालाई राजस्व छलीको अभियोगमा नियन्त्रणमा लिइएको छ।

गोयन्काको स्वामित्वमा रहेको डिष्ट्रिलरीमा अन्तशुल्कको स्टिकरमा गडवडी भएको अभियोगमा आन्तरिक राजस्व कार्यालय लहानले छानबिन गरिरहेको छ।

लामो समयदेखि शारदा डिष्ट्रिलरी सञ्चालन हुँदै आएको छ। गोयन्कालाई गत विहीवारदेखि राजस्व कार्यालयले लहान स्थित इलाका प्रहरी कार्यालयमा राखेको छ।

डिष्ट्रिलरी सम्बद्ध कर्मचारीहरुका अनुसार बिल,बिजक सक्कली रहेको र स्टिकरमा समेत गडबडी भएको छैन्। राजस्व कार्यालयले छानबिन भइरहेको जनाएको छ।

राजस्व कार्यालयका अनुसार गडबडी भए अनुसारको रकम बिगो र जरिवाना समेत असुल उपर गरिने छ। राजस्व कार्यालयले गोयन्कालाई म्याद थप समेत गरिसकेको छ।

राजस्व कार्यालयले गोयन्कालाई नियन्त्रणमा लिनु पूर्व डिष्ट्रिलरीका कर्मचारीहरुसित सोधपुछ गरेको थियो ।त्यस क्रममा भारतमा रहेका गोयन्कालाई राजस्व कार्यालयले हाजिर हुन पत्राचार गरेपछि उनी स्वयं हाजिर भएको डिष्ट्रिलरीका कर्मचारीहरुले जनाएका छन्।

### अनलाइनबाट अन्तर्राष्ट्रिय ठगी गिरोह चलाउने चिनियाँ नागरिक सार्वजनिक

# भाषा अनुवादक २ नेपाली पनि पक्राउ, भारी मात्रामा इलेक्ट्रोनिक्स उपकरण बरामद

अनिल तिवारी

वीरगन्ज। पर्सा प्रहरीले अन्तर्राष्ट्रिय ठगीको संजाल चलाउने तीनजना चिनियाँ नागरिकलाई आइतवार सार्वजनिक गरेको छ।

प्रहरीले उनीहरुलाई शनिबार साँझ पक्राउ गरेको थियो। चिनियाँ नागरिकहरुले अनलाईनको माध्यमबाट दक्षिण एशियामै ठगीको धन्दा चलाई रहेको खुलासा प्रहरीले गरेको छ। पर्सा प्रहरीले आइतवार गरेको पत्रकारसम्मेलनमा पक्राउ परेका चिनियाँ नागरिक र उनीहरुको ठगी धन्धाको खुलासा गरेको छ।



प्रहरीले शनिबार पक्राउ परेका तीन चिनियाँ नागरिकहरुले नेपाल, भारत, पाकिस्तान र बंगलादेश लगायतका देशमा अनलाइन ठगी धन्धा चलाइरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जनाएको छ।

चिनियाँ नागरिकहरुको गिरोहले नेपाली तथा विदेशी नागरिकहरुलाई अनलाइन लाटरी, अनलाइन 'सपिङ' एवम भारतमा अनलाईन रोजगार एवम कर्जा जस्ता विभिन्न प्रलोभनमा पारी ठगी गरेको सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयको विशेष टोलीले शनिबार वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ का नन्दु पटेलको घरमा छापामारी गरेको थियो।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख एसपी कुमोद ढुंगेलले छापामारीको क्रममा प्राप्त सूचनाहरुको सूक्ष्म अनुसन्धान भइरहेको बताएका छन् । 'क्रिप्टो करेन्सी र मनिलंड्रिग लगायतको कारोवारमा पनि यो संजालको सहभागिता हुन सक्छ ' सञ्चारकर्मीहरुको प्रश्नको जवाफमा उनले भने-'सबै विषयहरु अनुसन्धानबाट बिस्तारै खुलासा हुँदै जानेछ।'

स्थानीय नन्दु पटेलको अढाइ तले घर पुरै भाडामा लिएर लगभग तीन महिना देखि संचालनमा ल्याइएको प्रहरीको आशंका छ। वीरगञ्ज महानगरपालिका वडा नम्बर १५ लक्ष्मणवास्थित अढाइ तल्ले एउटा घर भाडामा लिएर कल सेन्टर स्थापना गरी अनलाइन ठगीको धन्धा चलाइरहेका चिनियाँ गिरोहलाई प्रहरीले झण्डै डेढ महिनादेखि निगरानीमा राखेको थियो।

चिनियाँ नागरिकले गोप्यरुपमा चलाइरहेका उक्त अनलाईन संजालको बिस्तृत अनुसन्धानका लागि दोभासे बोलाएर सोधपुछ प्रक्रिया अगाडि बढाउने तयारी गरिएको प्रहरीले जनाएको छ। उनीहरुले नेपाली र हामीले चिनियाँ भाषा 'बोल्न-बुझ्न्' नसकेकाले काठमाण्डुबाट चाइनीज भाषा बुझ्नेलाइ बोलाएर थप अनुसन्धान प्रक्रिया अगाडि बढाइने प्रहरीले जनाएकोछ।

नियन्त्रणमा लिइएका मोबाइल फोनमा रेकर्ड भएका संवाद चिनियाँ भाषामा रहेको र बयानका क्रममा उनीहरुले चिनियाँ भाषामै बोलिरहेकाले चिनियाँ भाषाविद् र अनुवादकहरुलाई बोलाएर थप अनुसन्धान गरिने ढुंगेलले बताए। त्यसपछि मात्रै यो गिरोहका वास्तिवकता खुल्ने उनले बताए।

उनीहरुको साथबाट प्रहरीले ठूलो परिमाणमा विद्युतीय उपकरणहरु, डेस्कटप कम्प्युटर, ल्यापटप, मोबाईल फोन, नेपाल र भारतका सिमकार्डहरू तथा विभिन्न देशका मुद्राहरु समेत बरामद भएको एसपी ढुंगेलले पत्रकार सम्मेलनमा बताए।

डेस्कटप कम्प्युटरको सीपीयू १ सय २० थान, मनिटर १ सय १८ थान, ३ थान पासपोर्ट, मोबाईल ३५ थान, भारतीय जिवो सिमकार्ड १३ थान, ल्यापटप ४ थान, प्रिन्टर १ थान बरामद गरिएको प्रहरीले जनाएको छ।

यसैगरि विभिन्न बैंकहरूका एटीएम कार्ड ३ थान, किबोर्ड २३ थान, इन्टरनेट स्विच ५ थान, वाइफाइ राउटर २ थान, मिनी इन्र्भटर २ थान बरामद गरिएको छ।

भारतीय नम्बर बीआर ०१ सि एक्स ५७९२ नम्बरको आई २० गाडी, प्र.२-०३-०११ प १३६७ नम्बरको मोटरसाइकल १ थान बरामद भएको छ। यसैगरि मलेशियन ३७ रिंगिट, नेपाली ५ सय दरका नोट ८६ पिस गरी ४३ हजार र कम्बोडियन ३५०० रुपैँया समेत बरामद गरिएको प्रहरीले जनाएको छ। सुरुमा अभद्र मुद्दा अन्तर्गत अनुसन्धान प्रक्रिया अगाडि बढाइएको पर्सा प्रहरीले जनाएको छ।

प्रहरीले छापामारीको क्रममा दुई स्थानीय र तीन जना चिनियाँ नागरिकलाई पक्राउ गरेको थियो। स्थानीय नेपाली नागरिक दुई जना चिनियाँ भाषा अनुवादक रहेको प्रहरीले जनाएको छ। तर उनीहरुलाई सार्वजनिक गरिएको छैन्।

प्रहरी उपरीक्षक ढुंगेलले अनुसन्धानका क्रममा थप दुई चिनियाँ नागरिकलाई नियन्त्रणमा लिए पनि अनुसन्धानका क्रममा उनीहरुको संलग्नता नदेखिएको बताए । प्रहरीको अनुसन्धानका क्रममा ती दुई चिनियाँ नागरिक पर्यटकका रुपमा वीरगञ्जमा घुम्न आएकाले आवश्यक प्रकृया पछि रिहा गरिएको प्रहरी उपरीक्षक ढुंगेलले बताए।

नियन्त्रणमा लिएको अनुवादक दुई जना नेपालीको प्रहरीले परिचय खुलाएको छैन। पक्राउ पर्ने चिनियाँ नागरिकमा चिनको हुवान प्रान्तका ३३ बर्षीय लियु सियु साइ, हुबेइ प्रान्तका २६ बर्षीय वाङ्ग बोहान र हुबेइ प्रान्तकै ३६ बर्षीय छियाङ्ग छियो रहेका छन्।

बिशेष सूचनाको आधारमा शनिबार अपरान्ह प्रहरीले वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ नगवामा डेरा लिएर बस्दै आएका लियु र वाङ्गलाई तथा वीरगञ्ज महानगरपालिका वडा नम्बर ६ बाट छियाङ्गलाई नियन्त्रणमा लिएको थियो। उनीहरुलाई नियन्त्रणमा लिएलगत्तै पर्साका एसपी ढुंगेल नेतृत्वको प्रहरी टोलीले कलसेन्टर सेन्टर वीरगञ्ज १५ लक्ष्मणवास्थित नन्दु पटेलको घरमा पुगेर छापा मारेको थियो।








निर्माण सम्पन्न भएर उद्घाटन नहुँदै भासिएको हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला पुलको पुनर्निर्माण हुँदै । तस्विर : रासस

# आइएसएको स्थापनसंग सम्बन्धित सम्झौतामाथि छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले 'अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आइएसए) को स्थापनासँग सम्बन्धित सम्झौतामाथि सामान्य छलफल गरियोस' भन्ने प्रस्ताव प्रतिनिधिसभाको आइतबारको बैठकमा पेस गरेका छन् ।

प्रस्ताव पेस गर्दै मन्त्री बस्नेतले सौर्य ऊर्जाको प्रवर्द्धनसहित ऊर्जा पहुँच बढाउन र ऊर्जा सुरक्षालाई सुनिश्चित गर्नका लागि आइएसए गठन भएको तथा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरु यसका आबद्ध रहेको जानकारी दिए । नेपालले सन् २०२२ मा यो सम्झौतामा हस्ताक्षर गरेको थियो ।

एक सय १८ देशले हस्ताक्षर गरिसकेको भन्दै ९७ देशले स्वीकृत नै गरिसकेको ऊर्जामन्त्री बस्नेतले जानकारी दिए । जलवायु परिवर्तनका चुनौतीसँग जुध्नका लागि स्वच्छ ऊर्जा प्रयोगमा जोड दिने तथा ऊर्जा सुरक्षालाई प्रभावकार ीरुपमा अगाडि बढाउने प्रतिबद्धताका लागि नेपालले यो सम्झौतापत्रमा हस्ताक्षर गरेको उनको भनाइ छ ।

नेपालमा ऊर्जाको माग र खपत वर्षभरि नै लगभग समान रहने भन्दै जलविद्युत् उत्पादन भने वर्षायाममा बढ्ने र सुक्खायाममा घट्ने भएकाले सौर्य ऊर्जालाई प्राथमिकतामा राख्न आवश्यक रहेको मन्त्री बस्नेतले बताए । जलाशययुक्त आयोजना निर्माण गर्न लामो समय लाग्ने भएकाले विद्युत् मागको तत्कालीक समाधानका लागि सौर्य ऊर्जा उत्तम विकल्प रहेको उनले दाबी गरे ।

सांसद माधव सापकोटाले जैविक इन्धन प्रयोग घटाएर कार्बन उत्सर्जन कटौती गर्ने र सौर्य ऊर्जाको प्रयोगबाट स्वच्छ तथा हरित ऊर्जामा पहुँच बढाउने लक्ष्यका साथ आइएसए गठन भएकाले उक्त सम्झौतामा हस्ताक्षर गर्दा नेपाललाई हरित वित्त (ग्रिन फाइनान्स) मा पहुँच विस्तार हुने धारणा राखे । नदी प्रवाहमा आधारित (आरओआर) जलविद्युत् आयोजनाबाट मात्र ऊर्जा माग पूर्ति गर्न नसकिने अहिलेको अवस्थामा सौर्य ऊर्जा राम्रो विकल्प भएको उनको भनाइ छ । जलवायु परिवर्तनका मुद्दामा संसद्मा विशेष छलफल आयोजना गरिनुपर्नेमा उनले जोड दिए ।

सांसद सोविता गौतमले नेपालमा कूल आयातको करिब २३ प्रतिशत पेट्रोलियम पदार्थ रहेकामा त्यसलाई विस्थापन गर्नका लागि ऊर्जाका नवीकरणीय स्रोतमा पहुँच विस्तार गरिनुपर्ने बताईन् । कम लागतमा स्वच्छ ऊर्जा प्राप्त गर्नसक्ने क्षेत्र सौर्य ऊर्जा रहेकाले नेपालले जलविद्युत्लाई मात्र नभई सौर्य ऊर्जालाई पनि प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ छ ।

सांसद गणेश पराजुलीले सौर्य ऊर्जाका क्षेत्रमा ठूलो वैदेशिक लगानी भित्र्याउन सकिने सम्भावना रहेको बताए । सांसद मेटमणि चौधरीले औद्योगिकीकरणको विकास, बिजुली कटौती व्यवस्थापन र कम हुँदै गएको जलविद्युत् उत्पादन क्षमतालगायत विषयलाई मध्यनजर गरेर सौर्य ऊर्जालाई पनि उत्तिकै प्राथमिकताका साथ अघि बढाउन आवश्यक रहेको धारणा राखे । नेपालजस्तो आर्थिकरुपमा कमजोर मुलुकका लागि सौर्य ऊर्जाले आवश्यकता अझ बढी रहेको उनको भनाइ छ ।

# बङ्गलादेशी उद्यमीलाई आकर्षित गर्न कार्यशाला




**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा हुने लगानी सम्मेलनमा बंगलादेशी उद्यमीहरुलाई आकर्षित गर्ने उदेश्यले कार्यशालाको आयोजना गरिएको छ ।

वैशाखमा हुने तेस्रो लगानी सम्मेलनमा बङ्गलादेशका उद्यमी-व्यवसायीलाई लगानीका निम्ति आकर्षित गर्ने उद्देश्यले ढाकास्थित नेपाली राजदूतावासमा कार्यशाला आयोजना गरिएको हो ।

त्यस अवसरमा बङ्गलादेशका लागि नेपालका राजदूत घनश्याम भण्डारीले जलविद्युत्, भौतिक पूर्वाधार, होटललगायत सेवा क्षेत्रका पूर्वाधार, औषधिजन्य उद्योग, सूचना तथा सञ्चार प्रविधिलगायत क्षेत्रमा बङ्गलादेशी लगानीकर्तालाई नेपालमा पुँजी परिचालन गर्न आह्वान गरेको ढाकास्थित नेपाली राजदूतावासले जनाएको छ । उनले ती क्षेत्रमा लगानी गर्दा प्रशस्त प्रतिफल प्राप्त हुने जानकारी दिँदै ढुक्क भएर पुँजी परिचालन गर्न आग्रह गरे ।

कार्यक्रमका प्रमुख अतिथि बङ्गलादेशका ऊर्जा तथा प्राकृतिक स्रोत राज्यमन्त्री नसरुल हमिदले नेपालसँग लगानीका माध्यमबाट दुई देशबीचको पारस्परिक सम्बन्धलाई अझ सुदृढ तुल्याउन बङ्गलादेश इच्छुक रहेको बताए । उनले ऊर्जा क्षेत्रमा नेपालसँग भएको सहकार्यबारे जानकारी दिँदै आफ्नो देशको बढ्दो ऊर्जाको मागलाई सम्बोधन गर्न आपसी साझेदारी अपरिहार्य रहेको बताए ।

लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले नेपालमा लगानीका अवसरबारे जानकारी दिएको थियो भने बोर्डका सहसचिव बाबुराज अधिकारीले लगानी सम्मेलनका विविध पक्षलाई समेटेर तयार पारिएको सामग्री प्रस्तुत गर्दै नेपाल आकर्षक गन्तव्यका रुपमा विकसित भएको बताए । त्यस अवसरमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अर्थमन्त्री वर्षमान पुनले बङ्गलादेशी लगानीकर्तालाई लगानी सम्मेलनमा सहभागी हुन आह्वान गर्नुभएको भिडियो सन्देश प्रस्तुत गरिएको थियो ।

गोष्ठीमा बङ्गलादेशका सांसद, उच्च पदस्थ सरकारी अधिकारी, विद्वत् संस्थाका प्रतिनिधि, उद्योग वाणिज्य क्षेत्रका प्रभावशाली व्यक्ति तथा सञ्चारकर्मीसहित ८० जनाभन्दा बढीको उपस्थिति रहेको उक्त दूतावासले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# सडक दुर्घटना न्यूनीकरण र किसानका समस्याबारे ध्यानाकर्षण

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधीसभा सांसदहरुले सडक दुर्घटना बढिरहेकोर किसान विभिन्न समस्यामा परेकालगायत समसामयिक विषय उठान गरेका छन् ।

प्रतिनिधिसभाको आइतबारको बैठकको आकस्मिक समयमा बोल्दै आकस्मिक समयमा सांसद हितराज पाण्डेले शनिबार बिहान पृथ्वी राजमार्गको मुग्लिन नजिकै भएको सवारीसाधन दुर्घटनाको विषय उठाउँदै उक्त दुर्घटनामा बेपत्ता एक जनाको खोजी कार्य तीव्र पार्न सरकारसँग माग गरे । पछिल्लो समय सडक दुर्घटना बढिरहेकाबारे पनि संसद्मार्फत् उहाँले सरकारको ध्यानाकर्षण गराए ।



सांसद एकनाथ ढकालले सडक दुर्घटना बढेको विषयमा संसद्मार्फत् सरकारको ध्यानाकर्षण गरे । सांसद ध्रुवबहादुर प्रधानले नागरिकलाई सेवा प्रवाहमा भएको समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराए । हिउँदेबाली भित्र्याउने बेलामा हावाहुरी र असिना पानीले बालीनालीमा पुगेको क्षति विश्लेषण गरी किसानलाई राहत उपलब्ध गराउन उनले माग गरे ।

सांसद अशोककुमार चौधरीले मधेशका जिल्लामा वर्णशङ्कर जातको बीउका कारण मकैमा दाना नलागेको विषय उठान गरेका थिए । त्यस्तो बीउ बेच्ने डिलरलाई कारबाही गर्न र कृषकलाई राहत तथा क्षतिपूर्ति प्रदान गर्न उनले माग गरेका थिए । जलवायु परिवर्तनको असरले कृषिबालीमा पारेको असर र वन्यजन्तु आक्रमण न्यूनीककरणका लागि आवश्यक कदम चाल्नुपर्नेमा सांसद चौधरीले जोड दिए । सांसद डा अमरेशकुमार सिंहले न्यायपालिकाको न्यायसम्पादनमा प्रश्न उठेको आरोप लगाउदै न्यायाधीश नियुक्तिमा राजनीतिक भागबण्डा हुने गरेको र न्यायाधीशले न्यायसम्पादन गर्दा विभेदपूर्ण तरिकाले निर्णय गर्ने गरेको आरोप लगाएका थिए ।

उनले न्यायपालिकाबाट भइरहेका निर्णयको छानबिन गर्न र न्यायाधीशको आचरण हेर्न संसदीय छानबिन समिति गठन गरिनुपर्ने माग गरेका थिए । डा.सिंहले न्यायप्रणाली दूषित बन्दै गएकाबारे संसद्मार्फत् सम्बन्धित निकायको ध्यानाकर्षण गराउदै न्यायपरिषद्मा परेका उजुरीको छानबिन निकै कम हुने गरेको पनि उनले बताए ।


# महिलालाई थप सशक्तिकरण गर्न आवश्यक :देउवा

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति तथा पुर्व प्रधानमन्त्री शेरबहादुर देउवाले महिला सशक्तीकरण भएमा मात्र समानतामूलक समाज निर्माण हुने बताएका छन् ।

मङ्गलादेवी सिंह फाउन्डेसनले काठमाडौं महानगरपालिकाको सहकार्यमा आइतबार आयोजना गरेको 'नेपाली महिला आन्दोलनमा महिला सशक्तीकरण, राजनैतिक चेतना एवम् सामाजिक जागरण ल्याउने कार्यमा योगदान पुऱ्याउने महिलाको सम्मान कार्यक्रम'मा उनले यस्तो बताएका हुन् ।

नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले महिलालाई थप सशक्तीकरण गर्न जरुरी रहेको बताए ।उनले भने, "कांग्रेसलाई आगामी निर्वाचनमा बहुमत ल्याउनसक्ने पार्टीका रुपमा स्थापित गराउनका लागि पार्टीमा आबद्ध महिलालाई अझ बढी



सशक्तीकरण गर्दै अगाडि बढ्नुपर्छ, महिलालाई सशक्त बनाउन यस्ता कार्यक्रमले सहयोग पुग्ने विश्वास मैले लिएको छु । " सभापति देउवाले नेपाली महिलाको हक, अधिकार संविधानमा नै स्थापित गराउने काममा स्व. मङ्गलादेवी सिंहले खेल्नुभएको भूमिका महत्वपूर्ण रहेको स्मरण गरे ।

पूर्वप्रधानमन्त्री देउवाले समावेशी, समानुपातिक र महिला, हक अधिकारको दृष्टिले नेपालको संविधान विश्वकै संविधानमध्येको उत्कृष्ट दस्तावेजका रुपमा रहेको छ भने । सभापति देउवाले कांग्रेसले संविधानअनुसार महिलालगायत सबै समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गराउने काम गरेको उल्लेख गरे ।

कांग्रेसका नेता प्रकाशमान सिंहले महिलाको हकअधिकार, सम्मान र प्रजातन्त्र स्थापनाका लागि मङ्गलादेवी सिंहले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए । उनले भने ,"महिलालाई आर्थिक सबलीकरण बनाउनका लागि स्व सिंहको योगदान महत्वपूर्ण छ । बोलेको कुरा पूरा गर्ने व्यक्ति मङ्गलादेवी सिंह हुनुहुन्थ्यो । "

कांग्रेसकी सहमहामन्त्री महालक्ष्मी उपाध्यायले महिलाको हकअधिकारको स्थापनाका लागि स्व सिंहले खेलेको भूमिका महत्वपूर्ण रहेको बताईन् । कांग्रेस काठमाडौंका सभापति सबुज कृष्ण बानियाँले महिला स्वतन्त्रताका लागि अडिग भएर लड्ने व्यक्ति मङ्गलादेवी सिंह भएको बताए । नेपाल महिला सङ्घकी अध्यक्ष उषा राउत मिश्राले मङ्गलादेवी सिंहले महिला अधिकारका सवालमा देख्नुभएको सपना पूरा गर्न महिला सङ्घ लागिरहेको बताईन् ।

कार्यक्रममा लीला कोइराला (धनुषा), लक्ष्मी राई (भोजपुर), अञ्जु बस्न्यात (दोलखा), कृष्ण अमात्य (काठमाडौं), चिरीहिरा शाक्य रञ्जित (काठमाडौं), सीता दाहाल (संखुवासभा), हनि श्रेष्ठ (सर्लाही), शारदा वैद्य (कास्की), शान्ता शर्मा (कञ्चनपुर), सोना भण्डारी (काठमाडौं) र शशी रिमाल (काठमाडौं)लाई रु १५ हजार नगदसहित दोसल्ला र प्रमाणपत्रद्वारा सम्मान गरिएको थियो ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८१३५३४, ९८१५८१३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# महोत्तरीका जनप्रतिनिधि र उद्यमी उत्साहित

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीका जनप्रतिनिधि र उद्यमी प्रधानमन्त्रीसँगको भेटपछि उत्साहित भएका छन् । जिल्ला सदरमुकाम जलेश्वरको भारतीय सीमावर्तीनाका भिठ्ठामोरमा सुक्खा बन्दरगाह निर्माणको माग लिएर शनिबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेका जिल्लाका जनप्रतिनिधि र विभिन्न नगरका उद्योग वाणिज्य सङ्घका प्रतिनिधि उत्साहित भएका छन् ।

"हामीले भिठ्ठामोर भन्सारको सुक्खा बन्दरगाह सम्भाव्यता र आवश्यकताबारे प्रधानमन्त्रीको ध्यानाकर्षण गरायौँ", मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले भने, "उहाँबाट यसको विज्ञटोलीबाट सम्भाव्यताबारे अध्ययन गरेर काम अघि बढ्ने विश्वास पाएका छौँ ।" जिल्लाका विभिन्न नगरका जनप्रतिनिधि तथा जलेश्वर, मटिहानी, गौशाला र बर्दिबासका उद्योग वाणिज्य सङ्घका प्रतिनिधिले प्रधानमन्त्रीलाई काठमाण्डुमै भेटेर भिठ्ठामोरमा सुक्खा बन्दरगाह निर्माणको माग गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

विसं २०२६ मा भिठ्ठामोरमा स्थापित भन्सार कार्यालयको स्तरोन्नति गर्दै तेस्रो मुलुकसँगको आयात-निर्यात सुव्यवस्थित र वृद्धि गर्न सुक्खा बन्दरगाह सहयोगी हुने जनप्रतिनिधि र उद्योग वाणिज्य सङ्घका प्रतिनिधिको माग छ । प्रधानमन्त्रीले भिठ्ठामोर नाकाको आवागमन, सुक्खा बन्दरगाह निर्माणका लागि हालसम्म भएका प्रयत्नको अध्ययन र विज्ञहरूबीचको छलफलबाट काम अघि बढाउने बताएपछि आशा जागेको जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनार बताउछन् ।



प्रधानमन्त्रीसँगको भेटमा महोत्तरी-१ र ४ का प्रतिनिधिसभा सदस्यहरू लक्ष्मी महतो कोइरी र महेन्द्रकुमार राय एवं जलेश्वर, मटिहानी, गौशाला र लोहारपट्टी नगरपालिकाका प्रमुख क्रमशः सुरेश साह सोनार, हरिप्रसाद मण्डल, डा दीपेन्द्र महतो र शैलेन्द्र यादवसहित राजनीतिक दलका प्रतिनिधि सम्मिलित थिए । यसैगरी बर्दिबास गौशाला, जलेश्वर र मटिहानी उद्योग वाणिज्य सङ्घका अध्यक्ष भेटमा सहभागीभएको नगरप्रमुख सोनारले बताए ।

भिठ्ठामोर मधेशका नाकामध्ये वीरगञ्जपछि सबैभन्दा बढी चल्तीको सीमावर्ती नाका हो । तेस्रो मुलुकबाट सामान आयात निर्यात गर्न कोलकाता बन्दरगाहबाट वीरगञ्जभन्दा दूरी कम हुने, मुलुककै झण्डै मध्यभागमा पर्ने हुँदा कम खर्चमा ढुवानी हुने र सबै भेगको पायक पर्ने महोत्तरीका जनप्रतिनिधि र उद्यमीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन् । यसबाहेक भिठ्ठामोर (जलेश्वर) भन्सार कार्यालयको पूर्वाधार र जनशक्ति वीरगञ्जपछि सबैभन्दा राम्रो रहेको अवस्था प्रधानमन्त्रीलाई अवगत गराइएको बर्दिबास उद्योग वाणिज्य सङ्घका अध्यक्ष विष्णु खड्काले जानकारी दिए ।

भारतको कोलकाताबाट जयनगरसम्म सञ्चालनमा रहेको रेलमार्गसँगै जोडिएर नेपालतर्फ जयनगर-बर्दिबास रेल सेवा विस्तारको काम भइरहेको र बर्दिबासमा रेल्वेले अधिग्रहण गरेको ५२ बिघा क्षेत्रफलको जग्गामा कार्गो व्यवस्थापन सहज सञ्चालन हुने र भिठ्ठामोरमा सुक्खा बन्दरगाह निर्माणले यस भेगको उद्योग व्यापार फस्टाउने प्रतिनिधिले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

प्रधानमन्त्रीसँगको भेटमा आफूहरूले पछिल्ला केही वर्षयता कोरोना महामारी र त्यसको असरले बढेको आर्थिक मन्दीबाट राहत दिन बैंकहरूबाट अवधि लम्ब्याउन र थप ऋण प्रवाहका लागि ध्यानाकर्षण गराइएको जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहले बताए ।

# मोबाइल बोकेका ७१ विद्यार्थी सहित कर्मचारी निष्काशित

**टुडे समाचारदाता**

राजविराज । माध्यमिक शिक्षा परीक्षा (एसइई) को तेश्रो दिन आईतवार सप्तरीमा ७१ जना परीक्षार्थी तथा एक जना विद्यालय कर्मचारी निष्काशनमा परेका छन् ।

अनिवार्य गणित विषयको परीक्षाका क्रममा मर्यादा विपरीत कार्य गरेको आरोपमा विभिन्न परिक्षा केन्द्रका गरी ७१ जना परीक्षार्थी निष्काशनमा परेको शिक्षा विकास समन्वय एकाई सप्तरीले जनाएको छ ।

परीक्षा मर्यादा विपरीत कार्यमा सघाएको आरोपमा राजविराज स्थित के.अ.मा.वि.परीक्षा केन्द्रबाट एक जना कार्यालय सहयोगी समेत कारवाहीमा परेको शिक्षा विकास समन्वय एकाई सप्तरीका प्रमुख विजय कुमार मण्डलले जानकारी दिए ।

परीक्षा मर्यादा र आचारसंहिता विपरीत मोबाईल लिएर परीक्षा दिई रहेको पाइए पछि उनीहरुको परीक्षा रद्द गरिएको शिक्षा विकास समन्वय एकाइले जनाएको छ ।

निष्काशनमा पर्नेहरुमा राजविराजस्थित ह्यापील्याण्ड सेकेन्ड्री स्कुल परीक्षा केन्द्रबाट सर्वाधिक २८ जना परीक्षार्थी रहेका छन् ।

यस्तै राजविराज कै राजदेवी मावि परीक्षा केन्द्रबाट १२, पविमावि परीक्षा केन्द्रबाट १०, केअ मावि परीक्षा केन्द्रबाट ७, नरेन्द्र मेमोरियल जनता मावि परीक्षा केन्द्रबाट ६ तथा विष्णुपुर गाउँपालिकास्थित इटहरी विष्णुरपुर परीक्षा केन्द्रबाट ८ जना परीक्षार्थीको परीक्षा रद्द गरिएको शिक्षा विकास समन्वय एकाई सप्तरीले जनाएको छ ।

# हजारभन्दा बढी सवारीसाधन वीरगञ्ज भन्सारमा थन्किए

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयमा एक हजार दुई सयभन्दा बढी सवारीसाधन जाँचपास नभएर भन्सार 'यार्ड'मा थन्किएका छन् । अटोमोबिल व्यवसायीले शोरुममा भएका सवारीसाधन बिक्री भएपछि मात्रै भन्सार यार्डमा रोकिएका सवारीसाधनको जाँचपास गराउने गर्दै आएकाले यार्डमा सवारीसाधन थन्किने प्रवृत्ति बढेको हो ।



वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले कार्यालयमा मात्रै जाँपपास नभएका एक हजार दुई सयभन्दा धेरै इन्धनबाट चल्ने सवारीसाधन रहेका बताए । "यहाँ एक हजार दुई सयभन्दा बढी सवारीसाधन जाँचपास नभई रोकिएका छन् । व्यवसायीहरूले शोरुममा भएका सवारीसाधन बिक्री भएसँगै वा ग्राहकको माग बढेपछि भन्सार जाँचपास गराउने प्रवृत्ति छ ।"

कार्यालयका अनुसार भन्सार यार्डमा बस, ट्रक तथा च्यासिस र बडीलगायत छन् । भन्सार कार्यालयका अनुसार २०७९ चैतमा भन्सारमा जाँचपास नभएका सवारीसाधनको संख्या दुई हजार दुई सयभन्दा बढी थियो । त्यसैगरी २०८० को साउनमा भन्सारमा थन्किएका सवारीसाधनको संख्या घटेर एक हजार आठ सयमा झरेको थियो । २०८० चैत १५ गतेसम्म भन्सारमा थन्किएका सवारीसाधनको संख्या एक हजार दुई सय छ ।

अटोमोबिल्स एशोसिएसन अफ नेपालका पूर्वअध्यक्ष ध्रुव थापा आर्थिक मन्दीले दुई वर्षअघिदेखि नै सवारीसाधन भन्सारमा जाँचपास नभई थन्किरहेको बताए । "पहिला वीरगञ्ज भन्सार कार्यालयमा झण्डै दुई हजार दुई सय सवारीसाधन भन्सार जाँचपास नभई थन्किएकामा अहिले व्यवसायीले विदेशबाट सवारीसाधनको आयात घटाएर भन्सारमा भएको सवारीसाधन छुटाउँदा रोकिएका सवारीसाधनको संख्या केही घटिरहेको छ", उनले भने, "आर्थिक मन्दी र बैंक तथा वित्तीय संस्थाले सहज ढङ्गले सवारीसाधनमा लागनी नगर्दा पनि सवारीसाधन भन्सारमा नै रोकिएका छन् ।"

पूर्वअध्यक्ष थापाले भन्सारमा रोकिएका इन्धनबाट चल्ने सवारीसाधन खरिद मूल्यभन्दा धेरै रकम भन्सार महसुल तथा राजस्वबापत तिर्नुपर्ने भएकाले पनि विस्तारै छुटाउने नीति लिँदै आएको बताए । प्रमुख भन्सार प्रशासक पन्थीले भन्सार यार्डमा सवारीसाधन जाँचपास नगरिकनै थन्किनुले सवारीसाधनको बजार सुस्ताएको सङ्केत गर्ने बताए । "अहिले इन्धनबाट चल्ने सवारीसाधनको माग कम छ । त्यसैले पनि भन्सारमा रोकिरहेका सवारीसाधनको संख्या केही बढी देखिएको छ", उनले भने, "भन्सार यार्डमा रोकिएका एक हजार दुई सय सवारीसाधनको जाँचपास हुने हो भने कम्तीमा पनि १० अर्ब हाराहारीको राजस्व सङ्कलन हुनेछ ।"

वीरगञ्ज भन्सार कार्यालयमा भन्सार जाँचपास नभई रोकिएका सवारीसाधनमध्ये अधिकांश व्यावसायिक प्रयोजनका लागि ल्याइएका छन् । भाडाका बस, पिकअपलगायत छन् । "अहिले यहाँका मान्छेको क्रय क्षमता निकै घटेको छ । अहिले आर्थिक मन्दीका कारण गाडी किन्ने क्षमतामा मान्छे पुगिसकेका छैनन्", पूर्वअध्यक्ष थापाले भने, "अहिले व्यावसायिक गाडीबाट खासै कमाइ छैन । त्यही कारणले पनि व्यावसायिक प्रयोजनका सवारीसाधनको खरिद गर्न व्यवसायी अनिच्छुक छन् ।"

पूर्वअध्यक्ष थापाका अनुसार बैंक तथा वित्तीय संस्थाले पनि निश्चित प्रकृतिका सवारीसाधनबाहेक अन्यमा फाइनान्सिङ गर्न हिच्किचाइरहेका छन् । "नयाँ सवारीसाधन खरिद गर्नेले अहिले ५० प्रतिशत नगद लगानी गर्नुपर्ने हुन्छ", उनले भने, "बैंक तथा वित्तीय संस्थाले सवारीसाधनमा ५० प्रतिशत लागनी गर्नसमेत आनाकानी गरिहेकाले केही समस्या भएको हो ।"

विगतमा इन्धनबाट चल्ने सवारीसाधनमा सवारीसाधनको कुल लागतको ७०-८० प्रतिशतसम्म 'फाइनान्सिङ' गर्ने व्यवस्था थियो । त्यसबेला 'डाउनपेमेन्ट' भने २०-३० प्रतिशत तिरेमात्रै पुग्ने गर्थ्यो । यद्यपि अहिले पनि विद्युतीय सवारीसाधनमा भने बैंक तथा वित्तीय संस्थाले ७० प्रतिशतसम्म फाइनान्सिङ गर्दै आइरहेका छन् ।

# अपराध रोक्न संवाद अभियान



**टुडे समाचारदाता**

कलैया । सीमा क्षेत्रमा बढ्दो अपराध रोक्न सशस्त्र प्रहरीले सीमा आसपासका बासिन्दासँग दशगजामै दोहोरो संवाद अभियान सुरु गरेको छ ।

जिल्ला अन्तर्गत पर्ने ६२ किमि खुला सीमाको फाइदा उठाउँदै दुवैतर्फ हुने गरेको चोरी तस्करीसँगै हातहतियार, विस्फोटक पदार्थ, लागूऔषध, नक्कली नोट, मानव ओसारपसार रोक्न अभियान सुरु गरिएको सीमा सुरक्षा बल सशस्त्र प्रहरीको १२ नम्बर गणका गणपति प्रहरी उपरीक्षक सन्तोषबहादुर सिंहले बताए ।

संवादको क्रममा सिम्रौनगढ नगरपालिका ९ बसवरिया गाउँको देवताल पोखरीमा सीमा आसपासका स्थानीयबासिन्दासँग संवाद गरिएको छ । सहभागी जनप्रतिनिधि, व्यापारी, स्थानीय बासिन्दाले जीविकोपार्जनसँग जोडिएको सीमालाई सहज बनाउन माग गरे । सीमामा आउजाउदेखि, विवाहमा प्रयोग हुने सवारी साधन आवागमन, किसानलाई आवश्यक मल, बीउ, भोजभतेरका लागि चाहिने खाद्यान्न भारतमा सस्तो पर्ने भएकोले व्यक्तिगत प्रयोगका लागि भारतीय बजारबाट ल्याउने सहज व्यवस्था गराइदिन उनीहरुले आग्रह गरे ।

'कानुनको ख्याल गरी सामाजिक व्यवहार पनि हेर्नुपर्छ,' संवादमा सहभागी सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरीप्रसाद कलवारले भने, 'नेपाल भारतबीच सदियौंदेखि धार्मिक, सामाजिक, सांस्कृतिक सम्बन्धलाई पनि ख्याल गरी 'बेटीरोटी' को सम्बन्ध जोगिने गरी सशस्त्र सीमा सुरक्षा बलले ध्यान दिनुपर्छ ।' सीमा नाकाबाट हुने कानुनविपरीत कारोबार र अपराध रोक्ने दायित्व सीमा सुरक्षा बलको भएकोले त्यसमा सहयोग पुऱ्याउन सीमा आसपासका बासिन्दालाई उनले आग्रह गरे ।

सशस्त्र सीमा सुरक्षा बलले सीमामा लामो पैदल गस्ती पनि बढाएको छ । सीमा सुरक्षा गर्न सशस्त्र प्रहरी बलको काम, कर्तव्य भए पनि त्यसमा सकारात्मक सहयोग पुऱ्याउन गणपति सिंहले सहभागीहरुलाई अनुरोध गरे । 'अधिकांश अपराध खुला सीमाकै कारणले हुने भएकाले सीमामा जाँचमा कडाइ गर्नुपर्ने बाध्यता छ,' प्रहरी उपरीक्षक सिंहले भने, 'कडाइ गर्दैमा दुर्व्यवहार भएको ठान्नुहुन्न । त्यसलाई सकारात्मक लिनुपर्छ ।'

# चैत २४ बाट जीतपुरसिमरा गोल्डकप



**टुडे समाचारदाता**

सिमरा । जगदम्बा स्टिल जीतपुर सिमरा गोल्डकपको १४ औं संस्करण आगामी चैत २४ देखि शुरु हुने भएको छ । आइतबार सिमरामा आयोजित पत्रकार सम्मेलनमा नव जन जागृती युवा क्लबले प्रतियोगिताबारे जानकारी दिएको छ ।

सिमरा रङ्गशालाको फ्लड लाइटमा आगामी वैशाख ३ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा डिफेण्डिङ च्याम्पियन चर्च ब्वाईज युनाईटेड, त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, फ्रेण्ड्स क्लब र मच्छिन्द्रा क्लब गरी 'ए' डिभीजनका पाँच टिम सहभागी हुनेछ । सशस्त्र प्रहरीको विभागीय क्लब एपिएफ, मकवानपुर ११ हेटौंडा, वीरगञ्ज युनाईटेड क्लब वीरगञ्ज, सिराहाको सहलेश युवा क्लब र आयोजक नव जन जागृती युवा क्लब सहित १० टिमको सहभागिता रहने आयोजक क्लबका अध्यक्ष रामचन्द्र लामाले जानकारी दिए ।

प्रतियोगिताको विजेताले १० लाख तथा उपविजेताले पाँचलाख रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल प्राप्त गर्नेछन् भने विधागत पुरस्कार तर्फ सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकले समान २५/२५ हजार तथा स्थानीय उदयमान खेलाडीले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रत्येक खेलका म्यान अफ दि म्याच हुनेले १० हजार रुपैयाँ प्राप्त गर्ने आयोजक क्लबका अध्यक्ष लामाले जानकारी दिए ।

रात्रिकालीन फुटबलमा दर्शकको आकर्षण बढाउन गत बर्षबाट फुड फेस्टिभल समेत शुरु गरेको आयोजकले यस बर्ष पनि होटल तथा पर्यटन व्यवसायी संघ बारा संगको सहकार्यमा फुटलब संगै फुड फेस्टिभललाई निरन्तरतादिने जनाएको छ ।

जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि आरक्षण सिट सहित निःशुल्क प्रवेश तथा विद्यार्थीका लागि ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

# दङ्ग छन् लहानका दलित

**टुडे समाचारदाता**

सिरहा । सिरहाको लहान नगरपालिका-५ स्थित बालुवाटोलका दलित समुदायका शौचालय घरभन्दा सुन्दर बनेपछि सो समुदायका सदस्य दङ्ग छन् ।



गैरसरकारी संस्था वाटर एड नेपालको प्राविधिक सहयोग र लहान नगरपालिका, दलित जनकल्याण युवा क्लब लहान, नेपाल खानेपानी संस्थान लहान शाखाको संयुक्त साझेदारीमा सञ्चालित 'विकन परियोजना'अन्तर्गत टोलमा चारवटा सामुदायिक शौचालय निर्माण भएका छन् । घर नजिकै शौचालय बनेपछि टोलका करिब डेढ सयभन्दा बढी दलित घरपरिवारका सदस्य दङ्ग छन् ।

खुट्टीखोलाको वारि र पारि दुवै किनारमा मुसहर समुदायको बसोवास छ । त्यहाँ सुविधासम्पन्न अपाङ्गतामैत्री शौचालय बनेको छ । दलितबस्तीका सदस्य विजय सदाय "घरभन्दा राम्रो शौचालय बन्छ भनेर हामीले कल्पाना पनि गरेका थिएनौं । चर्पी बनेसँगै खुट्टीखोलाको वरिपरि जतातत‌ै दिसा-पिसाब गर्ने कार्य रोकिएको छ ।

यसले वरिपरिको वातावरणमा समेत सुधार आउँदा हामी टोलवासी निकै खुसी छौँ", भने । शौचालय र खोपानीको अभाव देखेपछि आफ्नो क्लबले विकन परियोजनाअन्तर्गत लहानका विभिन्न वडामा रहेका दलित समुदाय र विद्यालयमा खानेपानी, सरसफाइ र स्वच्छता अभियान सञ्चालन गरी समतामूलक समाज निर्माण गर्ने उद्देश्यले गतिविधि सञ्चालन गरिएको दलित जनकल्याण युवा क्लब लहानका अध्यक्ष उमेश विसुङ्केले जानकारी दिए । उनका अनुसार हाल क्लबले २७ वटा विद्यालय र पाँचवटा दलित समुदायमा वडाको समन्वयमा शौचालय मर्मत तथा निर्माण गरिएको छ ।

शौचालय निर्माणपछि सरसफाइ र स्वच्छतासम्बन्धी समुदाय तथा बालबालिकामा परिवर्तन देखापरेको परियोजनाका निर्देशक महेश ढुङ्गानाले बताए । स्वच्छ खानेपानी र उचित सरसफाइ व्यक्ति वा वर्गविशेषका लागि मात्र नभई सबैलाई नभई अपरिहार्य भएको भन्दै निर्देशक ढुङ्गानाले लहान नगरपालिकाको २७ वटा सामुदायिक विद्यालयमा चार वर्षमा नौ हजार आठ सय ९९ विद्यार्थी र दुई सय आठ जना शिक्षक शिक्षिका यस परियोजनाबाट लाभान्वित भएका जानकारी दिए ।

नगरपालिकासँग समन्वय गरी विभिन्न वडाका दलित बस्ती तथा विद्यालयमा खानेपानी र शौचालय निर्माण गरेर विकन परियोजनाले प्रशंसनीय काम गरेको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले बताए । उनले नगरपालिकाका तर्फबाट उक्त आयोजनाको व्यवस्थापनमा ध्यान दिई दिगोपनाका लागि जोड दिने प्रतिबद्धत व्यक्त गरे ।


## श्री सरस्वती माध्यमिक विद्यालय, कटरैत

**जनकपुरधाम उप-महानगरपालिका वडा नं. १७ धनुषा**

**मधेश प्रदेश, नेपाल**

## शिक्षक तथा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

ज.उ.म.न.पा. को कार्यालय जनकपुरधामको च.नं. ४३१२ र ४३१३ मिति २०८०/११/११ को पत्र अनुसार अनुमति प्राप्त शिक्षक तथा कर्मचारीको नियुक्ति गर्नका लागि मिति २०८०/१२/५ गते गठित शिक्षक छनौट समितिको मिति २०८०/१२/१५ गतेको निर्णय वमोजिम तपसिलका विज्ञापनका लागि उल्लेखित आवश्यक कागजातहरु सहित इच्छुक नेपाली नगरिकहरुबाट यो सूचना प्रकाशन भएको मिति देखि १५ दिन भित्र रितपूर्वक निवेदन सहित दरखास्त आव्हान गरिन्छ ।

| विज्ञापन नं | विषय | पद | पद संख्या | उमेर | परिक्षा दस्तुर | परिक्षाको किसिम | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| ०८०२२०१३४०१ | अंग्रेजी | मा.वि | १ | १८ वर्ष पुरा भई ४० वर्ष न नाघेको | रु. २००० | लिखित, मौखिक र अन्तरर्वाता | अंग्रजी विषयमा B.Ed वा सो सरहको परिक्षा उतिर्ण गरेको |
| ०८०२२०१३४०२ | | सह लेखापाल | १ | १८ वर्ष पुरा भई ४० वर्ष न नाघेको | रु. १००० | लिखित, मौखिक र अन्तरर्वाता | लेखा वा गणित विषय लिई +२ वा सो सरहको परिक्षा उतिर्ण गरेको |


**दरखास्तमा संलग्न गर्नु पर्ने कागजातहरू**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रतिलिपी सहितको व्यक्तिगत फाइल
३. सम्वन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपी
४. अनुभवका प्रमाणपत्रको प्रतिलिपि
५. **दरखास्त दिने स्थान र समय** :- श्री सरस्वती मा.वि. कटरैतको कार्यालमा १०:०० बजे देखि ४:०० बजे सम्म ।
६. **सम्पर्क मिति**:- २०८१/०१/०३
७. **परिक्षा हुने मिति र स्थान**:- पछि निर्धारण गरिनेछ ।
८. **सम्पर्क मो.नं.** :- ९८१२०५४३९६, ९८०४८९२५५४

**प्रधानाध्यापक**

जनकपुर टुडे

२०८० साल चैत्र १९ गते सोमबार (1 April, Monday, 2024)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# सुख्खा बन्दरगाह आवश्यक

नेपालको सीमा जोडिएको महोत्तरी जिल्लाको भिठ्ठामोड नाका कोलकत्ता बन्दरगाहदेखि नजिक छ । देशको सबै भन्दा बढी राजस्व संकलन गर्ने सूचीमा रहेको वीरगञ्ज भन्सार कार्यालयको भन्दा कोलकत्ताबाट भिठ्ठामोड भन्सार कार्यालय नजिक पर्छ । छोटो मार्ग भएकाले ढुवानी खर्च पनि कम नै हुने स्वभाविक छ । मधेश प्रदेशमा प्रमुख रुपमा वीरगञ्ज र त्यसपछि भिठ्ठामोड नाका रहेको छ । गौर, सोनवरर्सा, जयनगर लगायतका नाकाहरु धेरै चल्तीमा छैन् । वीरगञ्ज नाका लामो समयदेखि देशकै ठूलो राजस्व असुली नाकामा गनिन्छ । भिठ्ठामोड पनि पुरानै नाका रहेको छ । नेपाल र भारत दुवै देशको उपेक्षाको कारण भिठ्ठामोड नाका व्यवस्थित र परिचित हुन सकेको छैन् । भिठ्ठामोड नाका भएर अहिले धनुषा र महोत्तरीका लागि मालवाहक ठूला सवारी साधनहरु पनि आउने गरेका छन् । कार्यालय बाहेक भिठ्ठामोड भन्सारमा अन्य पूर्वाधारहरु तयार भइसकेको अवस्था छैन् । महोत्तरी जिल्लाका नेपाली कांग्रेसका नेताहरु सहित विभिन्न स्थानीय सरकार प्रमुखहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'सँग भेंटेर भिठ्ठामोड भन्सारलाई व्यवस्थित गरी सुख्खा बन्दरगाह बनाउन आग्रह गरेका छन् । भन्सार कार्यालयसँगै पश्चिम तर्फ साठी बिग्हा भन्दा बढी सरकारी र निजी जग्गामा सुख्खा बन्दरगाह बनाउन उपयुक्त रहेको उनीहरुले प्रधानमन्त्री प्रचण्डलाई सुझाएका छन् । सुख्खा बन्दरगाहका लागि निजी जग्गाधनीहरुले सरकारलाई समेत सस्तोमा जग्गा उपलब्ध गराउन सहमत छन् । थोरै मुआब्जा दिएर सरकारले अधिग्रहण गर्न सक्ने र धेरै जग्गा सरकारी नै रहेकाले मुआब्जामा थोरै लगानी हुने उनीहरुको तर्क छ । उनीहरुसितको भेंटमा प्रधानमन्त्री प्रचण्डले सकारात्मक प्रतिक्रिया जनाएका छन् । आगामी बजेटमा महोत्तरी जिल्लालाई विशेष प्राथमिकतामा राख्ने प्रधानमन्त्रीले वचन दिएका छन् । भारत सरकारले भारतीय भूमिमा रहेको भिठ्ठामोडलाई सुख्खा बन्दरगाह बनाउन जग्गा अधिग्रहण लगायतका कार्यहरु सुरु गरिसकेको छ । भिठ्ठामोडदेखि १९ किलोमिटर दक्षिण पश्चिममा रहेको पुपरी रेलवे स्टेशनदेखि भिठ्ठामोड सम्म रेल मार्ग विस्तारको काम चाँडै अगाडि बढने बताइएको छ । भारतीय भूमिमा सुख्खा बन्दरगाह निर्माण भए पनि नेपाली भूमिमा सुख्खा बन्दरगाह निर्माण नभए त्यसको औचित्य हुने छैन् । भारतको भिठ्ठामोड सुख्खा बन्दरगाहको निर्माण सुरु हुन लागेको छ । त्यो सँगै नेपालले पनि सुख्खा बन्दरगाहको कार्य प्रारम्भ गर्नुपर्छ । नेपाल सरकारले भारत सरकारसित संवाद गरी नेपाली भूभागलाई सहज रुपमा जोड्न सक्ने रेलमार्गको निर्माणका लागि पहल गर्नुपर्छ । भिठ्ठामोडमा सुख्खा बन्दरगाह निर्माण भए यस भेगमा ठूलो आर्थिक क्रान्ति आउने निश्चित छ ।

# एकताबद्ध कम्युनिस्ट पार्टी, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख



वीरेन्द्र बस्नेत

पञ्चायत अन्त्य गरेर बहुदल ल्याउन हाम्रा पूर्वजहरूले गरेको संघर्ष हामीले गर्नु परेन । उनीहरूले गरेको लामो समयको भूमिगतकालीन आन्दोलनका फलस्वरूप मुलुकमा बहुदल आएको थियो । तर मुलुकले चाहेको परिवर्तनका निमित्त बहुदल काफी थिएन र परिवर्तनको राजनीति गर्नेहरू मध्येकै केही दल र नेताहरू जनतालाई थप स्वतन्त्र बनाउन चाहन्थे । त्यसैले 'जनयुद्ध'को तयारी गरे । जनयुद्ध हठात् भएको जस्तो देखिए पनि त्यसको थालनीका निमित्त विचारमा एक भएका चार दलहरूका बीचमा एकता भएको थियो ।

शक्ति लम्सालको नेकपा जनमुखी, पुष्पकमल दाहालको नेकपा मशाल, निर्मल लामाको नेकपा चौम र रूपलाल विश्वकर्माको सर्वहारावादी श्रमिक संगठन एक भएर बनेको एकीकृत शक्तिले नै जनयुद्ध सम्भव भएको हो । जनयुद्धका लागि आधार तयार गरेको हो । अहिले हामी धेरथोर उपलब्धि सहित जसरी बाँचिरहेका छौं, यो परिवर्तनको आधार २०४६ सालपछि एकीकृत भएका यिनै चार दलहरू हुन्, एकताबद्ध माओवादी हो ।

त्यही जनयुद्धको आधारमा बनेको नेपालको संविधानले समाजवाद उन्मुख सामाजिक व्यवस्थाको परिकल्पना गरेको छ, जुन संघीय लोकतान्त्रिक गणतन्त्रका लागि संघर्ष गरेका सम्पूर्ण राजनीतिक दलहरूको साझा प्रतिबद्धता हो । तर समाजवाद उन्मुख सामाजिक व्यवस्थाको अभ्यासमा जान नसक्दा ठूलो राजनीतिक संकट जन्मिएको छ । मुलुकमा संघीय गणतान्त्रिक लोकतन्त्र आएको १७ वर्ष बितिसक्दा पनि सरकारबाट जनताले अपेक्षा गरेअनुसार काम हुन नसकेको कुरा सत्य हो । सरकारले काम गर्न सकेन भन्नुको सोझो अर्थ राजनीतिक दलहरूले आफ्नो सक्षमता प्रदर्शन गर्न सकेनन् भन्ने नै हो ।

गणतन्त्रका लागि संघर्ष गर्दै गर्दा देशमा नयाँ उद्योगधन्दा खुल्लान्, रोजगारी सिर्जना होला, सुशासन आउला, भ्रष्टाचार कम होला भन्ने जनताको ठूलो अपेक्षा थियो । कामै नभएको त होइन तर कुनै पनि ठाउँमा जनताले चाहेको गतिमा प्रगति हुन सकेन । यसले नागरिकमा निराशाको दर थप बढ्यो । जीवन धान्नका निमित्त गुजारा चलाउन जस्तोसुकै संघर्ष गर्न पनि नेपालीहरू बाध्य भए । त्यसैको फलस्वरूप रोजगारीको खोजीमा युवाहरू विदेशिने, भ्रष्टाचारजन्य गतिविधि, कर छली र अपराध कर्म बढिरहेको छ ।

सही ढङ्गले नेतृत्व प्रदान गर्नुपर्ने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाभित्र अस्थिरताको चुनौतीपूर्ण पहाड हामीसँग छ यसले व्यवस्थामाथि नै नागरिकहरूको असन्तुष्टि बढ्दै गयो । यस्तै-यस्तै कारणहरूले नेपालको राजनीतिमा नयाँ चुनौती देखापरेको छ । यो चुनौती संगठनमा, राजनीतिक पार्टीहरूमा र सबै क्षेत्रमा छ ।

हिजोको क्रान्तिकारी राजनीतिक शक्तिसँग दुईवटा विकल्पहरू छन्- पुराना शक्तिहरूसँग बसेर यथास्थितिवादी हुने वा नयाँ राजनीतिक कार्यभार पूरा गर्न अग्रगमनको बाटोमा लाग्ने ?

तर कुनै पनि परिवर्तन निश्चित समयका लागि हुन्छ । समय गुज्रिएपछि परिवर्तनले पनि परिवर्तन खोज्छ । यो समाज विकासको नियमै हो । माओवादीको नेतृत्वमा भएको दशवर्षे जनयुद्ध र सात राजनीतिक दलहरूको नेतृत्वमा भएको २०६२/६३ को जनआन्दोलनले राजतन्त्र फालेर गणतन्त्र ल्यायो । त्यो एउटा महान् परिवर्तन थियो । जनताले त्यो परिवर्तनको नेतृत्व गर्ने राजनीतिक दलहरूलाई त्यसको जस दिइसकेका छन् । सधैं त्यही परिवर्तनको नेतृत्व गरेको जस खोजेर बस्न पनि मिल्दैन । हामीले नयाँ संविधान ल्यायौं । संघीयता ल्यायौं । तर संघीयताको ठिक ढंगले कार्यान्वयन हुन नसक्दा नागरिकमा असन्तुष्टि बढेको छ ।

यसको समाधान फेरि जनताका ताजा एजेन्डा बोकेर मात्रै गर्न सकिन्छ । त्यसका लागि विभिन्न हाँगामा बाँडिएका विचार मिल्ने राजनीतिक दलहरूको एउटै कार्यभार र उस्तै एजेन्डा हुन जरूरी छ । सके त एउटै कम्युनिस्ट छाताभित्र एकताबद्ध हुनुपर्छ नभए पनि जनताका एजेन्डामा सबै दलहरू एकताबद्ध हुनुपर्छ ।

"गणतन्त्र प्राप्तिको यो १७ वर्षले पनि एउटा नयाँ परिस्थितिको सृजना गरेको छ । विकास र समृद्धिको नेपाली महत्वाकांक्षा पूरा गर्न मुलुकलाई एउटा समाजवादी कम्युनिस्ट पार्टीको आवश्यकता छ जुन कुरा कम्युनिस्ट पार्टीहरूका बीचको एकताबाट मात्रै पूरा हुनसक्छ । समाजवादी चाहना पूरा गर्न स्थायित्व र त्यसका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र यसको निम्ति एकीकृत कम्युनिस्ट पार्टी आजको आवश्यकता हो ।"

यसअघि पनि नेपाललाई सामन्तवादी व्यवस्थाबाट मुक्त गर्न जनयुद्धको कार्यक्रम अगाडि सारिएको थियो । तर जनयुद्ध सुरु गर्नुअघि विचार मिल्ने भिन्न-भिन्न चार पार्टीबीच एकता गरिएको थियो । त्यही एकताको परिणामस्वरूप २०५२ सालमा जनयुद्धको सुरुवात भयो । त्यसैको रापतापले आजको परिवर्तन सम्भव भएको हो ।

२०४६ सालको परिवर्तनपछि संसद्को उपयोग गर्दै नयाँ संघर्षको रूपमा जनयुद्ध सुरु गरिएको ज्युँदो इतिहास हाम्रोसामु छ । ठिक त्यस्तै जनयुद्धपछि प्राप्त भएको संघीय लोकतान्त्रिक गणतन्त्रको उपयोग गरिरहेका छौं ।समय गतिमा हुन्छ । गतिले नयाँ परिस्थितिको सृजना गर्छ र उक्त परिस्थितिले नयाँ एजेन्डाको माग गर्छ । नयाँ एजेन्डाले फेरि परिस्थितिमा परिवर्तन ल्याउँछ । यो नै परिवर्तनको नियम हो ।

समाजमा गतिका दृष्टिले तीन थरी मानिसहरू हुन्छन्- पश्चगामी, यथास्थितिवादी र अग्रगामी । नेपालमा भएका ठूला-ठूला क्रान्तिपछि पनि पुरानो शक्ति पूर्ण रूपले सकिएको छैन । त्यो शक्ति पश्चगामी राजनीतिको भूमिकामा छ । संघर्षको बेलाको क्रान्तिकारी शक्ति पनि विस्तारै यथास्थितिवादी शक्तिमा रूपान्तरण हुन्छ र परिवर्तनको नेतृत्व गर्ने नयाँ राजनीतिक शक्तिको खाँचो पर्छ । कहिलेकाहीं तत्कालीन क्रान्तिकारी शक्ति पुरानासँगै मिसिएर फेरि पश्चगामी शक्तिमा रूपान्तरण हुन्छ ।

यस्तो राजनीतिक गोलचक्करमा नेपालको क्रान्तिकारी राजनीतिक शक्तिहरू पनि परेको कुरा सत्य हो । तर राजनीति सधैं यही गोलचक्करमा रहन सक्दैन । यसले निकासको खोजी गर्छ । अब हिजोको क्रान्तिकारी राजनीतिक शक्तिसँग दुईवटा विकल्पहरू छन्- पुराना शक्तिहरूसँग बसेर यथास्थितिवादी हुने वा नयाँ राजनीतिक कार्यभार पूरा गर्न अग्रगमनको बाटोमा लाग्ने ?

कुन बाटो हिंड्ने भन्ने कुरा पहिचान गर्न अलिकति इतिहासतिर पनि फर्कनुपर्ने हुन्छ । अग्रजहरूको ठूलो बलिदानबाट २००७ सालको परिवर्तन भएको थियो । पछि कांग्रेसले गलत बाटो लिंदा २०१७ सालमा महेन्द्रले राजनीतिक 'कु' गरेका थिए ।

थुप्रै संघर्षपछि नयाँ परिवर्तनका लागि २०४६ पर्खिनुपर्यो । त्यसपछि एमाले र कांग्रेसले गलत बाटो लिंदा नेपाली जनताले जनयुद्ध लड्नुपर्यो । यी सम्पूर्ण राजनीतिक घटनाहरूलाई मसिनो गरी अध्ययन गरेर अब माओवादीले कुन बाटो हिंड्ने फैसला गर्नुपर्ने बेला आएको छ । अब माओवादीले गल्ती गर्ने हो भने २०१७ साल दोहोरिन सक्छ र नेपाली जनताले उही दुःख भोग्नुपर्ने हुन्छ ।

त्यसैले अब विगतको झैं फोहोरी राजनीतिको आहालमा डुबुल्की मारेर अस्थिरताको चाङमाथिबाट जनताको समृद्धिको चाहना पूरा हुन सक्दैन । अहिले यो व्यवस्था तीव्र संकटबाट गुज्रिएको छ । यो संकटबाट मुलुकलाई बाहिर निकाल्ने प्रमुख दायित्व कम्युनिस्ट पार्टीहरूकै हो । किनभने यो परिवर्तन कम्युनिस्ट पार्टीहरूकै नेतृत्वमा भएको हो ।

नेपाललाई यति धेरै विभाजित कम्युनिस्ट पार्टी चाहिएको छैन । तर एउटै कम्युनिस्ट पार्टी भनेर मात्रै पुग्दैन । समय सुहाउँदो जनताको एजेन्डा बोक्ने कम्युनिस्ट पार्टी आजको आवश्यकता हो । अहिले नेपाललाई न जडसूत्रीय कम्युनिस्ट चाहिएको हो, न त उग्रवाद नै । अहिले न माओवाद बोकेर हिंड्ने कम्युनिस्ट चाहिएको हो न जबज बोकेर हिंड्ने । जनताका तत्कालीन एजेन्डा बोक्ने प्रगतिशील समाजवादको बाटोमा हिंड्ने एउटै कम्युनिस्ट पार्टी अहिलेको आवश्यकता हो । जसले समावेशी-समानुपातिकको मुद्दा नछोडोस् । भौगोलिक र जातीय विविधताको मुद्दा बोकोस् । किसान, मजदुरका मुद्दा उठाओस् । समाजमा रहेका सम्पूर्ण असमानताका विरुद्ध उभियोस् । राजनीतिक स्थायित्व र समृद्धिबाट मात्रै यो संकटको निकास निस्कन सक्छ ।

यतिबेला पश्चगामी राजनीतिक शक्तिहरूले यो लोकतान्त्रिक व्यवस्थाको विकल्प खोजिरहेका छन् । तर लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो ।

हामीले बुझ्नुपर्ने कुरा के छ भने जनतालाई अधिकारसम्पन्न बनाए मात्रै लोकतन्त्र बलियो बन्छ । त्यसका लागि शासकीय स्वरूपमा परिवर्तन आवश्यक छ । त्यो शासकीय स्वरूपको परिवर्तनका लागि चुस्तदुरुस्त स्थानीय सरकार, अधिकारसम्पन्न प्रदेश सरकार चाहिन्छ । यो नै संघीयताको बलियो आधार हो । राजनीतिक अस्थिरताको अर्को कारण अहिलेको निर्वाचन प्रणाली पनि हो । यो निर्वाचन प्रणालीबाट बलियो र स्थायी सरकार बन्न नसकेको हामीले गणतन्त्र प्राप्तिपछिका कालखण्डमा देखेका नै छौं ।

यही निर्वाचन प्रणाली अपनाएर अहिलेको राजनीतिक गोलचक्करबाट बाहिर निस्कन सम्भव देखिन्न । तसर्थ जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति आजको आवश्यकता हो । प्रत्यक्ष कार्यकारी राष्ट्रपतीय निर्वाचन प्रणालीले मात्रै पाँच वर्षका लागि बलियो सरकार जनताले प्राप्त गर्न सक्छन् । संसद् नीतिगत छलफल र बहस गर्ने थलो हो । नीति निर्माण गर्ने थलो हो । त्यसलाई त्यही भूमिकामा राखेर थप बलियो बनाउनुपर्ने आजको आवश्यकता हो । यसो गर्दा राष्ट्रपति निरंकुश हुनसक्छन् भन्ने प्रश्न उठ्न सक्छ । तर त्यसलाई अंकुश लगाउन संसद्को दुईतिहाइ मतले महाअभियोग लगाउन सकिने कानुनी व्यवस्था गरेर जान सकिन्छ । यसका लागि कम्युनिस्टहरूको एकता भने जरूरी छ ।

जसरी २०४६ पछि अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थाको मुलुकलाई उक्त अवस्थाबाट मुक्त गरी जनवादी गणतन्त्र नेपाल स्थापना गर्ने उद्देश्य सहित संसद्को उपयोग गर्दै जनयुद्धको तयारी गर्न विचार मिल्ने चार कम्युनिस्ट पार्टीको बीचमा एकता गरिएको थियो । तर दशवर्षे जनयुद्धले सृजना गरेको नयाँ परिस्थितिमा सात राजनैतिक दलसँग सम्झौता गरी संविधान सभा मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न २०६२/६३ को जनआन्दोलन सृजना गरिएको थियो ।

गणतन्त्र प्राप्तिको यो १७ वर्षले पनि एउटा नयाँ परिस्थितिको सृजना गरेको छ । विकास र समृद्धिको नेपाली महत्वाकांक्षा पूरा गर्न मुलुकलाई एउटा समाजवादी कम्युनिस्ट पार्टीको आवश्यकता छ जुन कुरा कम्युनिस्ट पार्टीहरूका बीचको एकताबाट मात्रै पूरा हुनसक्छ । समाजवादी चाहना पूरा गर्न स्थायित्व र त्यसका निम्ति प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र यसको निम्ति एकीकृत कम्युनिस्ट पार्टी आजको आवश्यकता हो ।(बस्नेत माओवादी केन्द्रको प्रदेश कमिटी सचिवालय सदस्य हुन् ।)

# पुष्प व्यवसायमा भविष्य खोज्दै युवा

प्रगति ढकाल

बेलायतबाट उच्च शिक्षा लिइ स्वदेश फर्किएपछि निर्मल थापाले हजुरआमाकै पुष्प व्यवसाय सम्हाल्नुभएको छ । हजुरआमा राधिका खड्का पुष्प व्यवसायमा लागेको ४० वर्ष भयो । यसैमा रमेकी हजुरआमाको व्यवसायिक खुसी देखेरै निर्मल पनि यही व्यवसायमा लाग्नुभएको हो । निर्मल भन्नुहुन्छ, "सानैदेखि हजुरआमा र मामाले नर्सरी व्यवसाय गरेको देखेर यसलाई नजिकबाट बुझ्ने मौका पाएको थिएँ । मलाई पनि राम्रै लाग्यो । बेलायतमा पढेर फर्किएपछि म पनि यसैमा लागेको छु । अहिले त हजुरआमालाई सघाउँदै छु, खुसी छु । मलाई लाग्छ भोलिको मेरो पेसा यही हो ।"

पछिल्लो समय पुष्प व्यवसायमा युवाहरुको आकर्षण बढेको देखिएको छ । निर्मल जस्तै अन्य धेरै युवा यो व्यवसायमा लागेका छन् । गत शुक्रबारदेखि भृकुटीमण्डपमा शुरु भएको नर्सरी प्रदर्शनीमा देखिएका यस्ता धेरै युवा छन् । जसले यो व्यवसायलाई भोलिको पेसा बनाएका छन् । "पहिला त नर्सरी व्यवसाय गरेर परिवार पाल्न सकिएला भन्ने लागेको थिएन", ४० वर्षदेखि नर्सरी गर्दै आएकी निर्मलकी हजुरआमा राधिका भन्नुहुन्छ, "निरन्तरको मिहेनतसँगै यो व्यवसाय फस्टाउँदै जान थाल्यो । अहिले यसैमार्फत आत्मनिर्भर भएकी छु, सन्तुष्ट छु ।"

स्वदेशमा केही भविष्य छैन, अब विदेश पलायन हुनुको विकल्प छैन भनेर हतोत्साहित हुने युवालाई स्वदेशमा पनि मिहेनत गर्न सकेमा राम्रो भविष्य छ भन्ने पाठ सिकाउने राधिकाको सफलताको कथा पछ्याउँदै हुनुहुन्छ नाती निर्मल । "सबैको सपना विदेश जाने र उतै बस्ने भन्ने हुन्छ", निर्मलले भन्नुभयो, "मैले त विदेश पढेँ तर स्वदेशमा नै आफूलाई थाहा भएको व्यवसाय गर्न रुचि राखेर फर्किएको हुँ, मिहेनत गर्न सके स्वदेशमा आम्दानी र सन्तुष्टि दुवै छ ।"

अहिले उहाँले 'आइ एम अ गार्डेनर' भन्दै यस व्यवसाय विस्तारको अभियानमा हुनुहुन्छ । हाल उहाँको नर्सरीमा ४५ जनाले रोजगारी पाएका छन् । उहाँले अनलाइनबाट पनि विरुवा बिक्री वितरण गर्दै आउनुभएको छ । हाल ज्ञानेश्वर, लबिममल ललितपुर, मल्किाटारमा व्यवसाय गरिरहनुभएका उहाँले उपत्यका बाहिर पनि विरुवाहरु बिक्री गर्ने गर्नुभएको छ ।

थापा जस्तै स्वदेशमा नै केही गर्न सकिन्छ भन्ने अर्को गतिलो उदाहरण हुनुहुन्छ ललितपुरस्थित भैंसीपाटीका दीपेन्द्र तुलाधार । दीपेन्द्र पहिले विज्ञापन एजेन्सी सञ्चालन




गर्नुहुन्थ्यो । कोरोना भाइरसको महामारीसँगै आर्थिक स्थिति ह्रासोन्मुख भयो । नेपालमा पनि बन्दाबन्दीसँगै कैयौं उद्योग धरासायी बन्न थाले । विज्ञापन बजार पनि अस्तव्यवस्त हुन थाल्यो ।

उहाँका भाइहरु विदेश तिरै छन् । विज्ञापन एजेन्सी चल्न छोडेपछि उहाँलाई पनि अब विदेश नै जानुपर्छ भनेर आफन्त र साथीभाइले सुझाव दिन थाले । तर उहाँलाई लाग्यो विदेशमा पनि सजिलो कहाँ छ र ? स्वदेशमै विभिन्न विकल्प खोज्ने क्रममा उहाँले नर्सरी व्यवसाय रोज्नुभयो । उहाँ भन्नुहुन्छ, "अहिले त राम्रै कमाइ भएको छ ।"

भृकुटिमण्डपमा जारी पुष्प प्रदर्शनीमा शनिबार पुग्दा तुलाधार ग्राहकलाई फूल तथा नर्सरीका विरुवा बिक्रीमै व्यस्त हुनुहुन्थ्यो । प्रदर्शनीमा व्यापार बढाउनुपर्छ भन्ने त थियो नै कुन विरुवाको स्याहारसुसार कसरी गर्ने, कति समयमा कति मात्रामा पानी राख्ने ? भन्ने सीप सिकाउन उहाँ व्यस्त हुनुहुन्थ्यो । "हामी फूल तथा नर्सरीका बिक्री त गरौंला, आफूबाट ग्राहकले किन्नुभएको विरुवा हेरचाह नपाएर मर्छ कि भन्ने पिर पनि लाग्छ । कुन विरुवालाई बाहिर तथा कुनलाई भित्र राख्ने ? कसरी सम्भार गर्ने ? भन्ने विषय पनि हाम्रा लागि उत्तिकै महत्वपूर्ण हुन्छ । हामीसँग किनेर लगेका विरुवा राम्रोसँग हुर्किउन र नमरुन भन्नेमा पनि जानकारी पनि हामी दिन्छौं", उहाँले भन्नुभयो ।

उहाँले ग्राहकलाई सहज होस् भनेर उहाँले नर्सरीका लागि चाहिने सबै सामग्रीहरु एकै छानामुनि बिक्री गर्दै आउनुभएको छ । "पहिला ग्राहकहरु नर्सरी किन्न एउटा ठाउँमा र गमला किन्न अर्को ठाउँमा जानु पर्दथ्यो", उहाँले भन्नुभयो, "कुटोलगायतका सामग्री किन्न जानुपर्ने झन्झटबाट मुक्त गराउन सबै सामग्री गमला घरमै बिक्री गर्दै आएको छु ।" तुलाधारका अनुसार होटल, रेष्टुरेन्ट, अफिस, अपार्टमेन्ट, घरभित्र सजाउन गमला अनिवार्य जस्तै भइसकेको छ । गमला नहुँदा शोभा नै दिँदैन, अनि बगैंचा मनोमोहक बनाउन पनि फूल र नर्सरीका विरुवा अनिवार्य भइसकेका छ, मानिसको सोख परिवर्तन भएसँगै प्लान्टहरुमा आकर्षण पनि बढ्दो रहेको उहाँको भनाइ छ ।

आज बुकी दिनु सट्टा कुनै पनि अवसरमा विरुवासहितको गमलाहरु दिने प्रचलन बढ्न थालेको उहाँ सुनाउनुहुन्छ । बुकी छिटो ओइलाएर जाने हुँदा गमला दिएमा लामो समयसम्म रहने सोचले पछिल्लो समय बुकीको सट्टा गमला दिन र लिन रुचाइने गरेको उहाँको भनाइ छ । बिहान पूजा गर्नदेखि घर सजाउन, बिहे तथा व्रतवन्धमा मण्डपहरु सजाउन फूलको प्रयोग बढिरहेकाले अझै नर्सरी व्यवसायमा भविष्य देख्नुहुन्छ तुलाधार ।

नर्सरी व्यवसायमै भविष्य बनाइरहनुभएको अर्को पात्र हुनुहुन्छ, सिर्जना फ्लावर नर्सरी भक्तपुरको नेत्रकुमारी खड्का । उहाँ विगत २६ वर्षदेखि निरन्तर यही पेशामा सक्रिय हुनुहुन्छ । उहाँको नर्सरीमा दश जनाले रोजगारी पनि पाइरहेका छन् । पछिल्लो समय नर्सरीप्रतिको आकर्षण बढेसँगै बिक्री वितरण पनि बढिरहेको उहाँ सुनाउनुहुन्छ । "पहिला त कसले किन्छ होला र नर्सरीका विरुवाहरु ? यो व्यवसायबाट कसरी अघि बढ्ने होला भन्ने लाग्थ्यो ? सङ्घर्ष गर्दै जाँदा हुँदो रहेछ", उहाँ भन्नुहुन्छ, "अहिले त यही व्यवसायबाट राम्रो आम्दानी भएको छ ।"

व्यवसाय सन्तोषजनक भएरै होला उहाँको छोरा राजु पनि सोही पेशालाई नै निन्तरता दिने योजनामा हुनुहुन्छ । राजु बिहानमा कलेज र दिउँसोको समयमा नर्सरी व्यवसायमै समय बिताउनुहुन्छ । अरुका छोराहरु विदेश जान्छु भनेर झगडा गरिरहँदा आफ्नो छोरा भने स्वदेशमा नै यही व्यवसायलाई निरन्तरता दिने सोचमा रहेकाले आफूलाई खुशी लागेको उहाँको भनाइ छ ।

दाहाल ट्रडिङ कन्सर्नका सञ्चालक दुर्गाप्रसाद दाहाल पनि विगत ४४ वर्षदेखि यही पेसामा आवद्ध हुनुहुन्छ । "पहिला त यो व्यवसायमा लाग्ने देशभर नै हामी दुई/तीन जना मात्रै थियौं", उहाँ भन्नुहुन्छ, "विस्तारै ग्राहकहरुले प्लान्ट खरिदमा अभिरुचि बढाएसँगै अहिले त धेरै जना यही व्यवसायमा लाग्न थाल्नुभएको छ, अब बजारमा प्रतिस्पर्धा गर्न नै गाह्रो हुन थालिसक्यो ।" उहाँका छोरा आशीष पनि बुबाले रोज्नुभएको पेशामा सक्रिय बन्न थाल्नुभएको छ । उहाँहरु त केही उदाहरणका पात्र मात्रै हुनुभयो । नर्सरी व्यवसायमा लाग्ने अन्य थुप्रै व्यक्तिहरु हुनुहुन्छ, जसले यही व्यवसायमा भविष्य देख्नुभएको छ । सुनौलो भविष्य देखेरै होला केही विदेशबाट फर्कर र केही अन्य पेशा छोडेर पनि यही पेशामा आवद्ध भएका छन् । नर्सरीमा फूल तथा अन्य विरुवाको मोह बढेसँगै यस व्यवसायमा लाग्नेहरु उत्साहित देखिन्छन् ।

मनीप्लान्ट रोप्दा लक्ष्मीको बास हुने मान्यताले कार्यालय तथा घरभित्र मनीप्लान्ट रोप्ने चलन छ । त्यस्तै विश्वास लक्की ब्याम्बो र नेकप्लान्टमा पनि छ । तुलसीलाई भगवान्को प्रतीकका रुपमा घरआँगनमा रापिन्छ । घरभित्र रोपिने विरुवाहरुले अक्सिजनको मात्रा बढाउने र स्वास्थ्य राम्रो हुने भएकाले पनि घरभित्र, घरबाहिर, छत तथा भऱ्याङमा गमलाहरुमा विरुवा रोपेर सजावट दिन थालिएको छ ।

वनस्पति विभागले पनि अध्ययन अनुसन्धानका लागि सहयोग गर्ने र कसरी त्यसको बहुउपयोगी बनाउने विषयमा तालिम दिन थालेको छ । कृषि वन उद्यानका रुपमा नर्सरी खेतीलाई लिन थालिएको छ । विऊबिजन तथा फूलहरुको निर्यात बढाउने लक्ष्यका साथ सबै अन्तरसरकारी निकायहरुबीच छलफल हुन आवश्यक रहेको बताउनुहुन्छ, वनस्पति बिभागका महानिर्देशक डा सञ्जीवकुमार राई । उहाँ भन्नुहुन्छ, "हाम्रो आवश्यकता पूरा गर्न विदेशबाट बिउबिजन तथा विरुवाहरु आयात गर्छौं । यो बन्द गरेर नर्सरी खेती प्रवर्द्धनमार्फत निर्यात गर्ने लक्ष्य लिनुपर्छ ।"

कृषि क्षेत्रबाट आर्थिक अवस्था सदृढ गर्न नर्सरी खेती प्रवर्द्धन जोड दिन आवश्यक रहेको बताउँनुहुन्छ, पुष्प विकास केन्द्र गोदावारीका प्रमुख रवीन्द्र थापा । "हामी वार्षिक रुपमा रु साढे तीन अर्बको पुष्प र आलाङ्कारिक वस्तु आयात हुने गरेकामा त्यसलाई प्रतिस्थापन गर्न पनि स्वदेशमा फूल उत्पादन बढाउने गरी लागेका छौं", उहाँले भन्नुभयो । विभागले मन्दिरमा चढाएर फालिएका फूलहरुलाई कसरी धुप बनाउने ? भनेर तालिम सञ्चालन गरेपछि फोहोरलाई पनि मोहर बनाउन सकिएको उहाँले बताउनुभयो ।

विभागका उपसचिव देवीप्रसाद भण्डारीले व्यापार हुन नसकेका र मन्दिरमा चढाएर फाल्नुपर्ने सयपत्री फूलबाट ल्युटिन भन्ने रसाउन निकाल्ने र भिटामिन 'ए'का रुपमा प्रयोग गर्नुका साथै कस्मेटिक समानहरु बनाउन पनि प्रयोग गर्न सकिने बताउनुभयो । उहाँ भन्नुहुन्छ, "फूलबाट सुगन्धित तेल निकाल्न सकिन्छ, सुकाएर धुप बनाउन पनि सकिन्छ, सुगन्धितजन्य पातहरु प्रयोग गरेर प्रफ्युम बनाउन सकिन्छ ।"

# सांसदको गुनासो- सुनभन्दा महङ्गो भयो नुन



**काठमाण्डु ।** प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरुले हिमाली जिल्लामा नुन नपाएकोदेखि विश्वविद्यालयबाट परीक्षार्थीको उत्तरपुस्तिका हराएकोलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।बैठकको शून्य समयमा बोल्दै सांसदहरुले आगलागीका घटना, कृषि उत्पादनलगायतका विषय उठान गर्नुभयो ।

सांसद विद्या भट्टराईले परीक्षा दिएर नतिजाको पर्खाइमा रहेका विद्यार्थीलाई उत्तरपुस्तिका हराएकाले पुनः परीक्षा दिनुपर्ने भनी त्रिभुवन विश्वविद्यालयले सूचना प्रकाशित गरेको भन्दै यसबाट विद्यार्थीको भविष्यमाथि खेलवाड भएको बताउनुभयो ।विश्वविद्यालयले गत वैशाखमा जनसङ्ख्या र फाउण्डेसन अफ एजुकेशनको परीक्षा लिएको थियो । सोही परीक्षामा सहभागी कम्तीमा एक सय ८३ परीक्षार्थीको उत्तरपुस्तिका हराएकाले विश्वविद्यालयले पुनः परीक्षा दिनुपर्ने भन्दै सूचना प्रकाशित गरेको थियो । उहाँले यसप्रकारको चरम लापरबाही गर्ने जिम्मेवार व्यक्तिलाई कडा कारबाही गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद बिना लामाले हिमाली जिल्ला मुगुका नागरिकले नुन नपाएको गुनासो आइरहेको र उनीहरु घण्टौँ हिँडेर सदरमुकाम पुग्दा पनि नुन नपाउने समस्या झेलिरहेको भन्दै मुगुमा तत्काल नुनको प्रबन्ध गर्न सरकार समक्ष माग गर्नुभयो । "नागरिक सबैको भान्सामा नभई नहुने खाद्यपदार्थ नुन हो तर, कैयौँ हिमाली जिल्लाका नागरिकका लागि नुन सुनभन्दा पनि महङ्गो भइरहेको छ", सांसद लामाले भन्नुभयो ।

सांसद बिजुला रायमाझीले अर्घाखाँचीको एतिहासिक, धार्मिक र सांस्कृतिक महत्वको सुपा देउराली मन्दिरको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन माग गर्नुभयो । सांसद शान्ति बिकले विभिन्न भ्रष्टाचार र ठगीमा संलग्न दोषीलाई कारबाही गरी अपराध नियन्त्रण गर्न कडा दण्ड सजायको व्यवस्था गर्न माग गर्नुभयो । सांसद शिव नेपालीले काभ्रेपलाञ्चोकका अजित मिजारले उपल्लो जातसँग प्रेम विवाह गरेकै कारण मारिएको भन्दै उनका परिवारले न्याय नपाएसम्म अन्त्यष्टि नगर्ने भनी पर्खिरहेकाले घटनाको सत्यतथ्य बाहिर ल्याउन माग गर्नुभयो ।

सांसद शिशिर खनालले देशका एकसय ६५ वटै निर्वाचन क्षेत्रमा दुईलेनको निर्वाचन क्षेत्र रणनीतिक सडक निर्माण गर्नेगरी तत्कालीन प्रधानमन्त्रीले शिलान्यास गर्नुभएको तीन वर्ष भइसकेको भन्दै सबै जिल्लामा सडक निर्माणको चरणमा रहे पनि काठमाडौँ क्षेत्र ६ को सडक निर्माणका लागि अझै ठेक्का लाग्न नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद शोभा ज्ञवालीले बढ्दो सडक दुर्घटनाले ठूलो जनधनको क्षति भइरहेको भन्दै सम्बन्धित निकायले सडक मर्मत तथा सवारी दुर्घटना न्यूनीकरणका लागि सरारकोरवाला निकायलाई जिम्मेवार बनाउन सभामुखमार्फत सरकारको धयनाकर्षण गराउनुभयो ।

सांसद सन्तोष चालिसेले काठमाडौँको बौद्धनाथ क्षेत्रमा सडक साँघुरो हुँदा पर्यटकले सास्ती बेहोर्नुपरेको भन्दै बढ्दो यातायातको चाप नियन्त्रण गरी सडक यातायात सहज बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद सरस्वती सुब्बाले संविधानमा भूमिहीन दलितलाई एकपटक जमिन र आवासको व्यवस्था भएपनि अहिलेसम्म कार्यान्वयन नभएको भन्दै भूमिहीन दलित सुकुम्बासीलाई तत्काल जमिन र आवासको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सम्झना थपलियाले कृषकलाई सुविधाको ऋणको व्यवस्था गर्न माग गर्नुभयो । सांसद सराज अहमद फारुकीले सीमा क्षेत्रमा पर्यटकलाई सहज आवागमन र पर्यटनसँग सम्बन्धित कार्यालय व्यवस्थापन गर्न माग गर्नुभयो । सांसद सरिता भुसालले नवलपरासीको बर्दाघाटको खजुरा पुल निर्माणलाई तीव्र गतिमा अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा स्वर्णिम वाग्लेले पूर्णअसक्त एवं अति असक्त शारीरिक अपाङ्गता भएका नागरिकका लागि सरकारले सामुदायिक सहायता सेवा निःशुल्क उपलब्ध गराउन माग गर्नुभयो । उहाँले व्यक्तिगत सहयोगी सेवा र दैनिक हेरचाह तथा स्याहार सेवा स्थानीय तहले उपलब्ध गराउने व्यवस्था रहेको र अहिले भत्ता मात्रै उपलब्ध हुने गरेको भन्दै आवश्यक वित्तीय र व्यवस्थापकीय प्रबन्धन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद विनिताकुमारी सिंहले तराई मधेसमा अत्यधिक गर्मी र हावाहुरीका कारण आगलागीका घटनाले प्रत्येक वर्ष ठूलो धनजनको क्षति हुने गरेको भन्दै यसलाई न्यूनीकरण गर्न सचेतना मुलक कार्यक्रमका साथै हरेक पालिकामा 'फायर फाइट्रिङ'सहित दमकलको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद सुनिता बराललले विद्यालयमा नयाँ शैक्षिक सत्र सुरु हुन लागेकाले नयाँ भर्नाका नाममा विद्यार्थीबाट वार्षिक शुल्क लिइरहेको भन्दै यसप्रति प्रभावकारी अनुगमन र विशेष निर्देशन दिन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सोविता गौतमले संवैधानिक र कानुनी व्यवस्था भएपनि आजपनि महिलाहरु दाइजोका नाममा प्रताडित हुनुपरेको भन्दै उनीहरुलाई न्याय दिन माग गर्नुभयो । सांसद सञ्जय गौतमले बर्दियाको सदरमुकाम गुलरियाको संरक्षण चुनौतिपूर्ण बनिरहेको भन्दै उक्त प्रयोजनका लागि आवश्यक बजेट विनियोजना गर्न माग गर्नुभयो । सांसद हर्कमाया विश्वकर्माले विभेदमा परेका वर्ग समुदायको न्यायका लागि ध्यान दिन आग्रह गर्नुभयो ।

सांसद हरि ढकालले दूध उत्पादक किसानको रकम भुक्तानी सुरु गरेकोमा सभामुखमार्फत सरकारलाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले मह किसानले उत्पादन गरेको ठूलो परिमाणको महले बजार नपाएको भन्दै महको बिक्री वितरणको प्रबन्ध मिलाउन पनि माग गर्नुभयो ।सांसद सूर्यबहादुर थापा क्षेत्रीले हावाहुरी, असिनापानी र आगजनीले देशका विभिन्न स्थानमा किसानले क्षति बेहोसररहेको भन्दै पीडितलाई राहत उपलब्ध गराउन माग गर्नुभयो । सांसद सूर्यमान तामाङ दोङले सडकको दुरावस्थाबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

सांसद हेमराज राईले उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने सुनिश्चितता मिलाउन माग गर्नुभयो । सांसद ज्ञानु बस्नेत सुवेदीले भूमि बैंकको अवधारणा किसान विरोधी काम भएको भन्दै कृषि सहकारी समूहलगायतका माध्यमबाट कृषिको उत्पादन प्रवर्द्धन गर्नु उपयुक्त हुने धारणा राख्नुभयो ।सांसदहरु बिना जैसवाल, सांसद सिता मिजार, सांसद सिताकुमारी राना, सूर्यकुमारी श्रेष्ठ, सूर्यप्रसाद ढकालगायतले पनि समसामयिक विषयमा ध्यानाकर्षण गराउनुभएको थियो ।रासस

# शिक्षामा वर्षमा दुईपटक भर्ना गराउने नीति




**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले माध्यमिक शिक्षा परीक्षा (एसइई) र विश्वविद्यालयको शिक्षामा वर्षमा दुईपटक भर्ना गराउने गरी नीति ल्याउने भएको छ ।

अनुगमन शैक्षिक फाउन्डेसनले आइतबार आयोजना गरेको 'नेपाल शिक्षा सम्मेलन २०२४' को उद्घाटन सत्रमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारीले वार्षिक परीक्षामा अनुत्तीर्ण हुने विद्यार्थीको समय क्षति भई पढाइ छाड्ने वा उनीहरु अवसरको खोजीमा विदेश जाने प्रवृत्ति देखिएकाले त्यस्तो नीतिका लागि बहस भइरहेको बताएका छन् ।

कक्षा ९ देखि १२ मा ४३ प्रतिशत विद्यार्थी विद्यालयबाहिर हुन पुगेको, उच्चशिक्षामा १५ देखि २० प्रतिशत मात्रै विद्यार्थी भर्ना भएको र सवा लाख विद्यार्थी वार्षिक विदेश जाने स्थितिप्रति आफूहरु चिन्तित भएकाले नीतिगत पुनरावलोकन र संस्थागत सुधार आवश्यक भएको उनको भनाइ थियो ।

अधिकारीका अनुसार राम्रो पठनपाठन हुने उच्च शिक्षाका कलेजहरु पनि नेपालमा नभएका होइनन् तर नेपालबाट बाहिर जाने विद्यार्थी पढ्नकै लागिभन्दा आफ्नो भविष्य र स्मार्ट जबका लागि विदेश गएका छन् ।

उनले यस किसीमका प्रश्नलाई हाम्रो नीतिले सम्बोधन गर्नुपर्ने र विश्वविद्यालयहरु पढ्ने, पढाउने संस्था मात्र नभई अनुसन्धान र उत्पादन गर्ने संस्थाका रुपमा विकसित हुनुपर्ने बताउदै विश्वविद्यालयलाई सरकारले सधैँ पैसा नदिने भई उनीहरुलाई आफै आत्मनिर्भर हुनुपर्ने बताए ।

नेपाल खुल्ला विश्वविद्यालयका पूर्वउपकुलपति प्रा लेखनाथ शर्माले पुस्तान्तरणबीचको खाडललाई मेट्न सक्ने गरी सूचना र प्रविधिसापेक्ष शिक्षा नीति र प्रयोगितक अभ्यासमा ध्यान दिन आग्रह गरे ।कार्यक्रममा दिगो विकासका लक्ष्य र शिक्षा नीति, प्राविधि शिक्षा, कृषि, शिक्षा स्वास्थ्य र वातावरण शिक्षा, वित्तीय क्षेत्र र शिक्षा आदि विषयमा सम्बन्धित विज्ञ र सरोकार भएका व्यक्तिबीच समूह छलफल भएको थियो ।

# अर्थतन्त्र सुदृढकालागि अनुगमनमा तिव्रता दिन प्रधानमन्त्रीको निर्देशन



**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुदृढका लागि अनुगमनमा तिव्रता दिन निर्देशन दिएका छन् ।

उनले राजस्व चुहावट रोक्दै अर्थतन्त्र सुदृढ गर्न नक्कली बिल जारी गर्ने र नक्कली स्टिकरको प्रयोग भइरहेको स्थितिबारेगम्भीरतापूर्वकअनुगमन गरी नियन्त्रणका लागि आवश्यक कदम चाल्न निर्देशन दिएका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आइतबार आयोजित राजस्व वृद्धि तथा चुहावट नियन्त्रणसम्बन्धी बैठकमा प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयका अधिकारीलाई प्रधानमन्त्री दाहालले उक्त निर्देशन दिदै राजस्व चुहावट र अवैध व्यापारिक कारोवारमा हुने 'सेटिङ' भत्काउने कार्यलाई प्राथमिकता दिई , झुटा तथा नक्कली बिल बीजक र स्टिकरको प्रयोग भइरहेकोले अनुगमन गरि एक्सन लिन निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले नयाँ गतिका साथ काम गर्ने अठोट लिएर सरकार पुनर्गठन गरिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोही अनुरूप क्रियाशील हुन निर्देशन दिए ।

उनले सरकारले नयाँ गतिका साथ काम गर्ने अठोट लिएको बताउदै मुलुकको समृद्धिको बाधकका रूपमा रहेका भ्रष्टाचार, तस्करी र राजस्व छलीलाई निर्ममतापूर्वक हटाउन उनले आग्रह गरे ।

> “प्रधानमन्त्री दाहालले उक्त निर्देशन दिदै राजस्व चुहावट र अवैध व्यापारिक कारोवारमा हुने “सेटिङ” भत्काउने कार्यलाई प्राथमिकता दिई , झुटा तथा नक्कली बिल बीजक र स्टिकरको प्रयोग भइरहेकोले अनुगमन गरि एक्सन लिन निर्देशन दिए ।”

जनतामा पैदा गरिएको निरासालाई हटाउनुपर्छ । यसका लागि विगतका परम्परागत प्रशासनिक कार्यशैली, व्यवहार र चिन्तनबाट सम्भव छैन । नयाँ सोचसहित अगाडि बढौँ, उनले भने ।आन्तरिक बजारलाई व्यवस्थित तुल्याउँदै बिल लिने-दिने प्रणाली प्रभावकारी बनाउनसमेत प्रधानमन्त्री दाहालले निर्देशन दिए । उनले भने, "आन्तरिक बजारमा बिल लिने-दिने प्रणाली प्रभावकारी भएको छैन । कारोवारलाई आवश्यकताअनुसार प्रविधिमा रूपान्तरण गर्न सकिएको छैन । यस सम्बन्धमा सम्बन्धित राजस्व कार्यालयले नियमित बजार अनुगमन गर्ने र सो को रिपोर्टिङ गर्ने व्यवस्था मिलाउनूहोस् । कर प्रशासनका सबै कार्यलाई पूर्ण प्रविधिमैत्री बनाउनेतर्फ ध्यान दिनूहोस् ।"

बैठकमा उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने, अर्थमन्त्री वर्षमान पुन, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, मुख्यसचिव डा बैकुण्ठ अर्याल, अर्थसचिव डा कृष्णहरि पुस्कर, राजस्व सचिव डा रामप्रसाद घिमिरे, गृहसचिव एकनारायण अर्याल, प्रधानमन्त्री कार्यालयका सचिवहरू, प्रहरी महानिरीक्षक वसन्त कुँवर, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल तथा अर्थ मन्त्रालय मातहतका महानिर्देशकहरूको उपस्थिति रहेको थियो ।

# प्रतिनिधिसभामा पूर्वाधार निर्माणमा भइरहेको ढिलाइबारे सरकारको ध्यानाकर्षण

**काठमाण्डु ।** प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा सांसदहरुले सडकलगायत पूर्वाधार निर्माणमा भइरहेको ढिलाइ, मौलिक हक कार्यान्वयनमा देखिएका समस्या, कृषि र उत्पादनका क्षेत्रमा न्यून बजेट विनियोजन, संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माणमा भइरहेको ढिलाइलगायतका विषयमा संसद्मार्फत् सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।



नेपाली कांग्रेसका सांसद रमा कोईराला पौड्यालले रुस र युक्रेनी सेनामा भर्ती भएका नेपाली युवालाई स्वदेश फिर्ताका लागि सरकारले पहल गर्न माग गर्नुभयो । उहाँले महिला हिंसाका घटना बढिरहेको बारे पनि सरकारको ध्यानाकर्षण गर्नुभयो। कमलविनायक-नगरकोट सडकखण्डमा ठेकेदारले काम नगरेकोमा कारबाहीका लागि उहाँले सदनमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रघुजी पन्तले नेपालमा ठूलो सङ्ख्यामा भारतीय मालवाहक सवारी साधन भित्रिरहेकोमा त्यसले नेपालभित्रका ढुवानी व्यवसायी समस्यामा पर्नुका साथै बढी वजनका भारतीय सवारीका कारण नेपालका सडकमा पनि क्षति पुर्‍याइरहेको बताउनुभयो । नेपाली ट्रक सामान बोकेर भारत जान नपाइने व्यवस्था रहेको तर भारतीय ट्रकले नेपालमा वर्चस्व कायम गर्दै गएको उहाँको भनाइ छ । नेपालबाट जाने सामग्रीलाई बेला-बेला भारतले अवरोध गर्ने गरेको विषय पनि उहाँले बताउनुभयो । नेपालभित्र भारतीय नम्बरप्लेटका ढुवानी सवारी साधनलाई रोक लगाइनुपर्ने पन्तको भनाइ छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद देवेन्द्र पौडेलले संसदको विधायिकी भूमिका कमजोर भएको बताउनुहुँदै कानून निर्माणका कामलाई सरकार र सदनले गम्भीरताका साथ अघि बढाउनुपर्ने बताउनुभयो । सदन परिणाममुखी थलो बन्नुपर्ने र नागरिकका समस्या सुनुवाईलाई केन्द्रमा राखेर काम गर्नुपर्ने उहाँको भनाइ छ । अहिले मुलुकको आर्थिक सूचकाङ्क राम्रो भनिएपनि नागरिकलाई भने त्यसको आभास हुन नसकेको सांसद पौडेलले बताउनुभयो । नागरिकमा मौलिक अधिकार कार्यान्वयनका लागि गर्नुपर्ने कामलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा तोसिमा कार्कीले वीर अस्पतालका समस्या समाधानका लागि सरकारसँग आग्रह गर्नुभयो। वीर अस्पतालमा न्यून जनशक्ति रहेको, बिरामीको अपरेसनका लागि महिनौ कुर्नुपर्ने अवस्था रहेको, आइसियु बेड नपाउनेलगायतका समस्या रहेको कार्कीको भनाइ छ । अस्पतालमा बेड हुँदाहुँदै पनि बिरामीलाई अन्यत्रै पठाउनुपर्ने अवस्थालाई अन्त्य गरिनुपर्ने माग उहाँले राख्नुभयो । नयाँ जनशक्ति व्यवस्थापनका लागि पनि सरकारसँग माग गर्नुभयो ।

जनता समादवादी पार्टी नेपालका सांसद रञ्जुकुमारी झाले अधिकांश बालसुधार गृह र कारागार अव्यवस्थित रहेको विषय उठाउनुभयो । कारागारभित्र रहेका जनशक्तिलाई सीप सिकाई र शिक्षाको प्रबन्ध गरिनुपर्ने पनि उहाँको भनाइ छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले जुम्ला जिल्ला जोड्ने सडक स्तरोन्नति र मर्मत सम्भार नहुँदा दुर्घटनाको जोखिम बढेको यातायात पहुँचसमेत टुटेको बताउनुभयो । कर्णाली राजमार्गको स्तरोन्नतिका लागि पर्याप्त बजेट विनियोजन गर्न सरकारसँग माग गर्नुभयो। जुम्लाको मार्सी धान, स्याउ, आलु, फापर, सिमी, जडीबुटीको बजारीकरण हुन नसकेको विषय पनि उहाँले संसदमा उठाउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद शेरबहादुर कुँवरले सडक दुर्घटना बढ्दै गएको भन्दै सरकारको ध्यानाकर्षण गर्नुभयो । उहाँले सवारी दुर्घटना न्यूनीकरण, सुरक्षित यातायातको प्रत्याभूति, गुणस्तरीय सडक निर्माणका लागि सरकार र मातहतका निकाय गम्भीर हुनुपर्ने बताउनुभयो । सवारी दुर्घटनाबाट ज्यान गुमाउने र अङ्गभङ्ग हुनेहरुको सङ्ख्या बढिरहेको त्यसलाई न्यूनीकरणका लागि उहाँले आग्रह गर्नुभयो ।

जनमत पार्टीका सांसद अनिता देवीले भारतसँग जोडिएका सीमा नाका व्यवस्थित हुन नसकेको बताउनुभयो । अहिले भन्सार विधेयक संसदमा छलफलको क्रममा रहेकोमा उक्त विधेयकबाट सीमा क्षेत्रका नागरिकले भोगिरहेका समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो ।लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद राम प्रकाश चौधरीले सुनकोशी मरिण डाइभर्सनको सुरुङमार्ग एक महिनाभित्र 'ब्रेक थ्रु' हुन गइरहेकोमा खुसी व्यक्त गर्नुहुँदै उक्त आयोजनाबाट चुरे क्षेत्रमा हुने खानेपानी र सिँचाईको व्यवस्थापनका लागि माग गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले अन्तःशुल्क स्टिकर र सवारी चालक अनुमतिपत्र छपाइलगायतका आर्थिक अनियमितताका विषयमा गम्भीर छानबिनको माग गर्नुभयो । साना तथा घरेलु उद्योगलाई सहज र सहुलियतपूर्ण कर्जा सुविधा उपलब्ध गराइनुपर्ने माग पनि उहाँले उठाउनुभयो ।सांसद प्रभु साहले तराईका जिल्लाका विद्यालयमा विद्यार्थीहरु साना कक्षाकोठामा कोचाकोच गरी बस्न बाध्य भएको बताउनुभयो ।

उहाँले शिक्षकको दरबन्दी अभावमा एउटै शिक्षकले धेरै कक्षाका विद्यार्थीलाई पठनपाठन गराउनुपर्ने अवस्थाको अन्त्यका लागि सरकारसँग माग गर्नुभयो । अहिले पनि अधिकांश विद्यालयमा विद्युत् र इन्टरनेट सुविधा पुग्न नसकेको पनि उहाँले बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद देवप्रसाद तिमलसेनाले आगामी आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामा कृषिमा लगानी बढाउने उल्लेख भएको भएपनि राष्ट्रिय योजना आयोगले उपलब्ध गराएको बजेट सिलिङमा भने बजेट घटाइएको बताउनुभयो । कृषि क्षेत्रमा बजेटको आकार बढाइनुपर्ने उहाँको भनाइ छ ।

संविधानले प्रत्याभूत गरेका स्वास्थ्य, शिक्षा, खानेपानीलगायतका आधारभूत आवश्यकता पूर्ति गर्ने विषय बजेटको प्राथमिकतामा रहनुपर्ने उल्लेख गर्नुहुँदै सांसद तिमलसेनाले शक्ति र पहुँचका आधारमा बजेट विनियोजन गर्ने नभई आवश्यकता र औचित्यका आधारमा समावेशी हिसाबले बजेट आउनुपर्नेमा जोड दिनुभयो । रौतहट जिल्लामा मेडिकल कलेज स्थापनाका लागि पनि उहाँले सरकारसँग माग गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद नारायणप्रसाद आचार्यले शनिबारको हावाहुरीका कारण किसानको बालीनालीमा क्षति पुगेको, विद्युत् पोलहरु ढलेर आपूर्ति अवरोध भएको, विद्यालय तथा आवासीय भवनका छाना उठाउन लगायतका समस्या उत्पन्न भएको विषयमा सरकारको ध्यानाकर्षण गर्नुभयो । सिद्धार्थ राजमार्ग, कालीगण्डकी करिडोरलगायतका विभिन्न सडकमार्ग निर्माणमा ढिलाइ भइरहेको विषय पनि उहाँले संसदमा उठाउनुभयो ।रासस


## बलवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बलवा, महोत्तरी

## आशयपत्रको सूचना

**प्रकाशित मितिः– २०८०/१२/१९**

यस न.पा. बाट मिति २०८०/०९/२० गते प्रकाशित बोलपत्र सम्बन्धि सूचना अनुसार बलवा नगरपालिका वार्ड नं.३ स्थित कारिकस्थानको अधुरो सामुदायीक भवन निर्माण कार्य ठेक्का नं. Balwa.mun/NCB/W/01/2080-81 को बोलपत्र मूल्यांकन समितिको प्रतिवेदन बमोजिम दैविक इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. बरहथवा नगरपालिका, सर्लाही-१० ले कबोल गरेको VAT र PS बाहेक रु. १९६०४४३/- सबैभन्दा न्यूनतम मूल्यांकित एवम सारभूत रुपले प्रभावग्राही कायम भएको हुदा सो सम्बंधमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनकालागी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# गाजामा युद्धविराम गर्न कायरमा वार्ताको तयारी

**एएफपी**

कायरो । इजरायल र हमासबीच विश्वासको वातावरण निर्माण गर्ने उद्देश्यले इजिप्टको कायरोमा आइतबार वार्ता सुरु हुँदैछ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले वार्ताप्रति सकारात्मक सङ्केत गरेसँगै वार्ताको वातावरण बनेको इजिप्टको एक सञ्चारमाध्यम अल-काहेराले जनाएको छ ।उक्त अखबारले इजिप्टको सुरक्षा स्रोतलाई उद्धृत गर्दै इजिप्टको राजधानी कायरोमा सोमबार वार्ता हुन लागेको बताएको छ।

इजिप्ट, कतार र इजरायलको मुख्य सहयोगी संयुक्तराज्य अमेरिकाले यसअघिका बैठकको पनि मध्यस्थता गरेका थिए तर ती वार्तामा खासै प्रगति हुन सकेको थिएन ।यसअघिका वार्तामा रमादान अघि नै युद्धविराम गर्ने प्रयास गरिएका थिए तर दुबै



पक्षबीचको गतिरोधको अन्त्य हुन सकेन। अहिले मुस्लिम समुदायको पवित्र रमादानको आधा महिना बितिसकेको छ ।गत शुक्रबार नेतान्याहुले दोहा र कायरोमा नयाँ चरणको युद्धविराम वार्ता गर्नेगरी स्वीकृति प्रदान गर्नु भएको थियो।

प्रधानमन्त्रीको कार्यालयले प्रधानमन्त्री नेतान्याहुले इजरायली गुप्तचर निकाय (मोसाद) का प्रमुख डेभिड बार्नीलाई वार्ताका बारेमा बताइसक्नु भएको जनाएको छ । तर बार्नी स्वयं यी वार्तामा सहभागी हुने वा नहुने बारेमा केही बताइएको छैन ।गाजामा बन्धक बनाइएका परिवारका सदस्यले इजरायलको ठूलो शहरको मुख्य राजमार्गमा विरोध प्रदर्शन गरेपछि सरकारले पुनः वार्ताको पहल थालेको अनुमान गरिएको छ । प्रदर्शनकारीले बन्धक छुटाउन र गाजामा इजरायलले गरिरहेको युद्धप्रति विरोध जनाएका थिए।

हमास विद्रोहीले अक्टोबर ७ का दिन इजरायली भूमिमा प्रवेश गरी २५० जनालाई बन्धक बनाएका थिए जसका कारण इजरायल र हमासबीच भिषण युद्ध जारी छ । इजरायलको अनुमानमा १३० जना अझै पनि हमासको नियन्त्रणमा रहेका र ३३ जना मारिएका छन् ।युद्धविरामको एक प्रमुख शर्त भनेको गाजामा बन्धक बनाइएका इजरायलीलाई मुक्त गर्ने र इजरायलको जेलमा रहेका प्यालेस्टिनीलाई छाड्ने रहेको छ।

यसैबीच, फ्रान्सका विदेशमन्त्री स्टेफानी सेजोर्न पनि इजरायल-हमासबीच युद्धविराम गराउन कायरो भ्रमणमा रहेका छन् । उनले जोर्डनका कुटनीतिज्ञसँग पनि यसबारेमा परामर्श गर्नेछन् ।गत सोमबार राष्ट्रसंघ सुरक्षा परिषदले पनि गाजामा तत्काल युद्धविराम गर्ने सम्बन्धी एक प्रस्ताव पारित गरिसकेको छ । गाजा युद्धका कारण इजरायलले गरेको सैनिक कारबाहीमा कम्तीमा ३२ हजार ७०५ जना प्यालेस्टिनीको मृत्यु भइसकेको छ। मारिएका मध्ये अधिकांश महिला र बालबालिका रहेका छन्।

# गुजरातविरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी




**टुडे समाचारदाता**

काठमाण्डु । त्रिकोणात्मक टी-२० शृंखलाअन्तर्गत भारतको गुजरात विरुद्धको मैत्रीपूर्ण खेलमा नेपाल विजयी भएको छ। नेपालले गुजरातलाई आठ विकेटले हराएको हो।

गुजरातको वापीमा नेपालले आइतबार टस जित्दै पहिला फिल्डिङ रोजेको थियो । गुजरातले ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा १८ दशमलव दुई ओभरमा सबै विकेट गुमाएर ९८ रन बनायो। गुजरातका लागि रुद्र पटेलले सर्वाधिक २३ रन बनाए। यस्तै हेमाङ्ग पटेलले २०, सरल प्रजापतिले १७, अभिषेक देसाइले ११ तथा स्मित पटेलले १० रन बनाए।बलिङतर्फ नेपालका गुल्सन झाले चार, करण केसीले तीन तथा सोमपाल कामीले एक विकेट लिए।

नेपालले ९९ रनको विजयी लक्ष्य १५ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै पुरा गऱ्यो । नेपालका लागि कप्तान रोहितकुमार पौडेलले अविजित ३३ रन बनाए। यस्तै अनिलकुमार साहले अविजित ३२, कुशल भुर्तेलले १७ तथा आसिफ शेखले १६ रन बनाए ।बलिङतर्फ गुजरातका हेमाङ्ग पटेल र तेजस पटेलले एक एक विकेट लिए। नेपालले दोस्रो खेल मङ्गलबार भारतको बरोडा क्रिकेट सङ्घसँग खेल्नेछ।

# चीनको औद्योगिक उत्पादनमा वृद्धि



**एएफपी**

बेइजिङ । चीनको औद्योगिक उत्पादन पाँच महिनायता पहिलो पटक वृद्धि भएको आइतबार सार्वजनिक सरकारी तथ्याङ्कले देखाएको छ। विश्वकै दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको औद्योगिक उत्पादन वृद्धि गर्ने चिनियाँ प्रयासले सकारात्मक सङ्केत गरेको नीति निर्माताहरुले बताएका छन्।

चिनियाँ कलकारखानाको उत्पादनको समीक्षा गर्ने पिएमआई सूचाङ्क मार्च महिनामा ५०.८ देखिएको छ। चिनियाँ तथ्याङ्क ब्यूरो (एनबीएस) का अनुसार यो सूचाङ्क गत फेब्रुअरीमा ४९.१ विन्दुमा रहेको थियो ।पिएआई सूचाङ्क ५० भन्दा बढी हुनु भनेको औद्योगिक उत्पादनमा वृद्धि भएको सङ्केत हो । यसअघि चीनको पिएमआई गत सेप्टेम्बरमा मात्र देखिएको थियो। ब्लूमबर्गले गरेको सर्वेक्षणले पनि मार्च महिनामा चीनको औद्योगिक उत्पाद वृद्धि हुने देखाएको थियो।

कोभिड महामारीका वर्षहरुमा कडा नियम लागू गरेको चीनमा पछिल्ला वर्षहरुमा घरजग्गा कारोबारमा निरन्तर सङ्कट, उच्च युवा बेरोजगारी र मुद्राप्रदायमा दबाब समेतका समस्या देखिएका थिए ।अर्कोतिर विश्वभर नै कमजोर मागका कारण चिनियाँ सामानको माग पनि घटेको थियो ।बेइजिङले मार्च महिनाको सुरुमा सन् २०२४ मा वार्षिक वृद्धि पाँच प्रतिशत हासिल गर्ने लक्ष सार्वजनिक गरेको थियो, तर यो वृद्धिको लक्षलाई धेरै अर्थशास्त्रीले महत्वाकाँक्षी भन्दै चीनको आलोचना गरेका थिए।

चिनियाँ अधिकारीहरुले अर्थतन्त्रलाई चलायमान बनाउन विभिन्न उपायहरु घोषणा गरेका थिए जसबाट मिश्रित परिणामहरु हासिल भएका थिए ।तर एउटा सकारात्मक पाटोका रुपमा फेब्रुअरी महिनामा उपभोग्य मूल्यमा सामान्य वृद्धि भएको थियो। चीनको गैर-औद्योगिक उत्पादनको पिएमआई सूचाङ्क भने मार्चमा सुधार भएर ५३ विन्दुमा पुगेको छ। अघिल्लो महिना यस्तो पिएमआई ५१.४ विन्दुमा रहेको थियो।

गत वर्ष चीनको औद्योगिक वृद्धिमा तिब्र निराशाजनक अवस्था रहेको थियो । दशककै सबैभन्दा कमजोर अवस्थामा अर्थतन्त्रको वृद्धि भएपछि सरकारले श्रृंखलाबद्ध रुपमा आर्थिक राहत प्याकेज घोषणा गरेको थियो ।आधिकारिक विवरणमा सन् २०२३ मा चीनको कूल गार्हस्थ्य उत्पादन ५.२ प्रतिशत रहेको थियो । तर यस वृद्धिलाई अर्थशास्त्रीहरुले चीनले बढाइचढाइ गरेको दाबी गरेका थिए। चीनको यो वृद्धि सन् १९९० को दशक र कोभिड महामारीका वर्षहरुपछि सबैभन्दा कमजोर थियो।

# मुख्यमन्त्री अन्तरप्रदेश राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिता



**टुडे समाचारदाता**

नवलपरासी । पश्चिम नवलपरासीमा भोलिदेखि मुख्यमन्त्री अन्तरप्रदेश राष्ट्रिय पुरुष कबड्डी प्रतियोगिता हुने भएको छ। प्रतियोगितमा सातवटै प्रदेशबाट खेलाडी सहभागी हुने आयोजक जिल्ला खेलकुद विकास समितिले जनाएको छ।

प्रतियोगितामा उत्कृष्ट खेलाडी तथा टोली २२ अप्रिलदेखि बङ्गलादेशमा हुने बङ्गबन्धु कप प्रतियोगितामा भाग लिने प्रमुख प्रशिक्षक विष्णुदत्त भट्टले जानकारी दिए । पश्चिम नवलपरासी कबड्डीको लागि उर्वर भूमि भएकाले प्रतियोगिता यहाँ सञ्चालन गरिएको आयोजकले जनाएको छ।

प्रतियोगितामा प्रत्येकप्रदेशबाट१२खेलाडिसहित प्रशिक्षक र व्यवस्थापक गरी कूल एक सय २९ जनाको सहभागी हुने समितिका अध्यक्ष रितमानकामु मगरले जानकारी दिए। उनका अनुसार प्रतियोगितामा रु ३२ लाख खर्च हुने अनुमान गरिएको छ ।प्रदेश खेलकुद परिषद् लुम्बिनीको मुख्य प्रवर्द्धन, लुम्बिनी प्रदेश कबड्डी सङ्घको समन्वय र कबड्डी सङ्घ नवलपरासीको सहआयोजनामा सञ्चालन हुने प्रतियोगिता यही चैत १९ गतेदेखि सुरु भई २१ गते सम्पन्न हुने आयोजकले जनाएको छ।

> प्रतियोगिताको विजेता समूहले रु एक लाख पचास हजार नगदसहित मेडल प्राप्त गर्नेछन् ।

प्रतियोगिताको विजेता समूहले रु एक लाख पचास हजार नगदसहित मेडल प्राप्त गर्नेछन्। उपविजेता समूहले एक लाख पाउने छन्।

सेमिफाईनलमा पुग्ने समूहलाई रु ५०/५० हजार पुरस्कारको व्यवस्था गरिएको जिल्ला खेलकुद विकास समितिका उपाध्यक्ष रमेश कर्माचार्यले जानकारी दिए।

# बाबर आजम फेरि पाकिस्तानी क्रिकेटको कप्तानमा नियुक्त



**एएफपी**

कराँची। पाकिस्तान क्रिकेट बोर्डले आइतबार बाबर आजमलाई पुनः पाकिस्तान क्रिकेट टिमको कप्तानमा नियुक्त गरेको छ।

यसै वर्ष आयोजना हुने टी-२० विश्वकप क्रिकेटलाई ध्यानमा राखेर बाबरलाई टिमको कप्तान बनाइएको बोर्डले जनाएको छ ।गत वर्ष भारतमा सम्पन्न एकदिवसीय विश्वकप क्रिकेटमा पाकिस्तानी टिम सेमिफाइनलमा प्रवेश गर्न नसकेको भन्दै बाबरले गत वर्ष नोभेम्बरमा सबै फर्म्याटका क्रिकेटबाट कप्तानी पद त्याग गरेका थिए।

पाकिस्तान क्रिकेट बोर्डले बाबर आजमलाई पुनः नियुक्त गरिएको ट्विटरमार्फत घोषणा गरेको थियो। बोर्डको चयन समितिबाट सर्वसम्मत सुझाव आएपछि टि-२० र एकदिवसीय दुबै टिमका लागि बाबर आजमलाई नियुक्त गरिएको हो ।यसअघि अन्तरिम व्यवस्थाका रुपमा टी-२० क्रिकेटका लागि तिब्र गतिका बलर शाहीन शाह अफ्रिदीलाई कप्तानीको जिम्मेवारी दिइएको थियो। साथै शान मसूदलाई टेस्ट क्रिकेटको कप्तान बनाइएको थियो।

कप्तानको फेरबदल र मुख्य प्रशिक्षक मिक्की आर्थरलाई पनि हटाएपछि अस्ट्रेलियामा सम्पन्न टेस्ट क्रिकेटमा भ्रमणकारी पाकिस्तानी टोली ३-० र टी-२० क्रिकेटमा ४-१ ले नराम्रोसँग पराजित भएको थियो ।संयुक्तराज्य अमेरिका र वेस्ट इन्डिजमा हुने टी-२० विश्वकप अघि पाकिस्तानले अब बाबरको कप्तानीमा न्यूजील्यान्ड, आयरल्यान्ड र इङल्यान्ड विरुद्ध टी-२० क्रिकेट खेल्दैछ।

# बाढीका कारण तान्जानियामा धेरै मानिस घरबारविहीन



**सिन्ह्वा**

दार एस सलाम। भारी वर्षाका कारण दक्षिणी तान्जानियाको नाचिङ्वे जिल्लामा घरहरु भत्किँदा एक हजार ६६० भन्दा बढी मानिस घरबारविहीन भएको एक अधिकारीले बताएका छन्।

नाचिङ्वेका जिल्लाका आयुक्त मोहम्मद मोयोले बाढीका कारण करिब सात सय घर भत्किएको जानकारी दिए। प्रभावित व्यक्तिहरूलाई अस्थायी रूपमा सार्वजनिक विद्यालयहरूमा राखिएको र सरकार मानवीय सहायता प्रदान गर्र्ने प्रयासहरूमा लागिरहेको आयुक्त मोयोले जानकारी गराए। बाढीबाट सर्वाधिक असर परेको नागागामा खेतीबालीमा ठूलो क्षति पुगेको छ।

# बेलायती बालबालिकाको अभिभावकसँग प्रश्नः मैले कहिले स्मार्टफोन पाउँछु ?

**एएफपी**

लन्डन । पछिल्ला वर्षहरुमा बेलायतका धेरै बालबालिकाले "मैले कहिलेदेखि स्मार्टफोन चलाउन पाउँछु ?" भन्ने प्रश्नले आम अभिभावकलाई सताउने गरेको छ। यो प्रश्न अब नौलो होइन, आम बालबालिकाले आफ्ना अभिभावकलाई सोधेर हैरान पारिरहेका हुन्छन् । बालबालिकाको दिमागमा स्मार्टफोनले पार्ने असरबाट चिन्तित बनेका बेलायतका केही अभिभावक यसलाई रोक्न निकै सङ्घर्षरत देखिएका छन्।

तीन बच्चाकी आमा डेजी ग्रीनवेलले आफ्ना बालबच्चालाई विद्यालयको ढोकामा पुयाउँदा यही स्थिति अरु अभिभावकले पनि सामना गर्नु परेको छ । ग्रीनवेलकी साथीका ११ वर्षीय छोराले पनि यस्तै स्मार्टफोन मागेको थाहा पाइन् । ती बच्चाको कक्षाका अरु तीन बालबालिकाले स्मार्टफोन प्रयोग गरेको पाइएको थियो।

इन्स्टाग्राममा उनले लेखेकी छिन्, "अरु अभिभावकसँगको कुराकानीले मलाई आतङ्कित तुल्याएको छ । म मेरो बच्चालाई त्यस्तो सामान दिन चाहन्न जसले उनको मानसिक स्वास्थ्य बिगार्नुका साथै उनलाई कुलतमा फसाउँछ।

""तर मलाई के पनि थाहा छ भने यस्तो दबाब व्यापक हुने गरेको छ," पूर्वी इङ्ल्यान्डको उडब्रिजका एक



पत्रकारले टिप्पणी लेखेका छन्।

उडब्रिजको टिप्पणी लगत्तै धेरै अभिभावकले स्मार्टफोनको प्रयोगबाट हुनसक्ने असरका बारेमा एकपछि अर्को धारणा सार्वजनिक गरेका छन्।

खासगरी बालबच्चाहरुले स्वतन्त्र रुपमा यस्ता डिभाइस चलाउन पाए उनीहरु अनलाइन बुलिङ, सामाजिक तनाब र हानिकारक सामग्रीबाट प्रताडित हुनेछन् ।बढ्दो साइबर अपराध वृद्धिले बालबालिकामा मानसिक तनाव उत्पन्न हुने देखेर ग्रीनवेल र उनका साथी क्लेयर रेनोल्ड्सले "स्मार्टफोन फ्री चाइल्डहुड" नामको सचेतना अभियान सञ्चालन गरिन्।

अभिभावकको अनुभव समेतलाई आधार मानेर गरिएको प्राज्ञिक अनुसन्धानले बालबच्चाले स्मार्टफोन माग्दा अभिभावकहरुले चिन्तित हुने गरेको देखाएको छ। कतिपय अभिभावकले भने आफूहरु बालबच्चाका अघिल्तिर निरीह हुने गरेको गुनासो गरेका थिए। फोन दिंदा पनि सुरक्षामा ध्यान दिनुपर्ने उनीहरुको तर्क छ । बेलायतका विद्यालय शिक्षामन्त्री डेमियन हिन्ड्सले संसदीय समितिमा बोल्दै ११ वा १२ वर्ष उमेरका सबैजसो बालबालिकाले मोबाइल फोन राख्ने गरेको बताउनुभएको छ।

वास्तवमै स्मार्टफोनले बालबालिकाको मनमा ठूलो असर गर्ने अमेरिकी सामाजिक मनोवैज्ञानिक जोनाथन हेड्टद्वारा भर्खरै प्रकाशित पुस्तक 'द एन्क्सियस जेनेरेसन'मा उल्लेख छ । उहाँले फोनमा आधारित बाल्यकालको भविष्य युवामा मानसिक रोगको समस्या बढ्ने र यसलाई कम गर्नका लागि बालबालिकालाई स्मार्टफोनबाट टाढा राख्नुपर्ने बताउनुहुन्छ।

उहाँले स्मार्टफोनको पूर्ण रूपान्तरण सन् २०१० र सन् २०१५ को बीचमा भएको थियो र जसले गर्दा बालबालिकाको मनमा ठूलो परिवर्तन आएको पुस्तकमा उल्लेख गर्नुभएको छ ।स्नातक अध्ययनरत विद्यार्थी डिप्रेसनमा जानु मुख्य कारण स्मार्टफोन नै हो, अमेरिकी कलेज हेल्थ एशोसिएसनले जानकारी गराएको छ।

चौध वर्षभन्दा अगाडि स्मार्टफोन र १६ वर्षभन्दा अगाडि सामाजिक सञ्जालबाट बालबालिकालाई टाढा राख्नुपर्ने जोनाथन हेड्टले भन्नुभयो। यसका लागि हामी अभिभावकले मिलेर काम गर्नुपर्ने उहाँको धारणा रहेको थियो।

# पाक्न लागेको हिउँदेबालीमा असिनाले

मलेखु । धादिङको उत्तरी क्षेत्रमा हावाहुरीसँगै परेको असिना पानीले दिउँदेबाली नष्ट गरेको छ । उत्तरी क्षेत्रको विकटमा पर्ने अधिकांश गाउँबस्तीमा लगाएको बाली नष्ट भएपछि किसान चिन्तित भएका छन् । वर्षदिनभरी खानका लागि लगाएको अन्नबाली क्षणभरैमै सखाप भएपछि किसान चिन्तित भएका हुन् ।

शनिबार दिउँसो परेको असिना पानीले गहुँ, मकै, जौ, सागलगायत हिउँदेबाली नष्ट गरेको गङ्गाजमुना गाउँपालिका-१ रिगाउँस्थित किचेतका दिनेश तामाङले बताउनुभयो । उहाँका अनुसार गङ्गाजमुना, खनियाबास र रुविभ्याली गाउँपालिकाका अधिकांश किसानले लगाएको बाली असिना पानीले नष्ट गरेको छ ।

हिउँदे खडेरीमा दुःखले हुर्काउँदै गरेको आलु, मकै गहुँ, जौ लगायतका बाली असिनाले चुटेर नष्ट भएपछि अब दोहोऱ्याएर अर्को बाली लगाउनुपर्ने अवस्था आएको रिगाउँका शिक्षक पूर्णबहादुर तामाङले बताउनुभयो । "हुर्कदै गरेको गहुँ, गोड्ने बेला भएको मकै र आलु असिना पानीले नष्ट गरेको छ", उहाँले भन्नुभयो, "बारीका ढिलमा भएको रुख घाँसको समेत सिठ्ठा मात्रै बाँकी छ ।"फागुनको पहिलो सातादेखि लगाएको मकै, पुस महिनामा लगाएको आलु सबै कामै नलाग्ने गरी बिग्रिएको तामाङको भनाइ छ ।

मकै र आलु खेतीबाट जीविकोपार्जन गर्दै आएका यस यस क्षेत्रका किसानको खुसी असिना पानीले नष्ट पारिदिएको गङ्गाजमुना-१ ताजिमग्राङका इमान तामाङले बतानुभयो ।

कृषि पेसामा निर्भर हुँदै आएकाहरुको खुसी पलभरमै निराशामा बदलिएको उहाँको भनाइ छ ।हिउँदमा कडा परिश्रम गरेर लगाएको खेती पाक्ने समयमा यसरी असिना पानीले सखाप पारेपछि यहाँका किसानलाई बर्खामा के खाने भन्ने चिन्ता परेको छ । खनियावासको झार्लाङ, रुविभ्यालीको तिप्लिङ र गङ्गाजमुनाको रिगाउँ आसपासको आलु र मकै देशभर प्रख्यात मानिन्छ ।रासस

# बाँसका मौलिक सामग्री विस्थापित हुँदै

अत्तरिया । ग्रामीण क्षेत्रमा प्रयोग हुँदै आएका मौलिक सीपमा आधारित बाँस तथा निगालोको चोयाबाट निर्मित सामग्री विस्थापित हुन थालेका छन् । पछिल्लो समय प्रविधिको विकाससँगै बजारमा प्लास्टिकजन्य सामग्री आउन थालेपछि बाँस तथा निगालोका घरायसी प्रयोजनका मौलिक सामग्री विस्थापित हुन थालेका हुन् ।

पहिले घरायसी प्रयोग, अन्नभण्डारण, मलखाद्य, घाँस, दाउरा, स्याउला, सोत्तर बोक्नेलगायत काममा प्रयोग हुने बाँस तथा निगालोबाट बनेका सामग्रीको प्रयोग घट्दै गएको स्थानीय बताउँछन् । बाँस तथा निगालोबाट बनेका सामग्रीको सट्टामा प्लास्टिक, जस्तापातालगायतका सामग्री बजारमा आउन थालेपछि पेसा नै सङ्कटमा पर्न थालेको कैलालीको धनगढी उपमहानगरपालिका-११ शिवशक्ति टोलका ठक्कर विकले बताउनुभयो ।



उमेरले ४६ वर्षीय विकले बाँसका सामग्री बनाउन लागेको करिब २५ वर्ष भएको बताउँदै पछिल्ला केही वर्षयता बाँसबाट बनाइएका सामान बिक्री गर्न समस्या हुन थालेको बताउनुभयो । उहाँले लामो समयदेखि बाँसको चोयाबाट डोका, नाङ्ला, छिटुवा, भकारी, छाप्रालगायतका सामग्री बनाउँदै आएको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिले यो पेसाबाट कमाइ पनि राम्रै हुन्थ्यो । गाउँगाउँमा गएर सामान बेच्थ्यौं । आजकाल बजारमा बाँसको सट्टामा प्लास्टिक, जस्तापाताका सामान सस्तोमा पाउन थाले । बाँसका सामान बेच्नै गाह्रो हुन्छ ।"

"एउटा डोकोलाई छदेखि सात सयसम्म, नाङ्लोलाई पाँचदेखि छ सयसम्ममा बिक्री गर्छु । प्लास्टिकबाट बनेका सामान योभन्दा सस्तोमा आउँछन्", उहाँले भन्नुभयो, "बाँसका सामग्री बलिया र टिकाउ पनि हुन्छन् । मेहनत पनि बढी लाग्छ त्यो ग्राहकले बुझ्दैनन् ।" यही पेसाबाट सात जनाको परिवार पाल्दै आएका विकले अब यसबाट गुजारा चलाउन नसकिने अवस्था आएको बताउनुभयो । उहाँले भन्नुभयो, "बाँस पनि किन्नुपर्छ । सामान बनाउँदा मेहनत धेरै लाग्छ । सस्तोमा बेचौं भने बाँसकै मूल्य आउँदैन ।"

कमाइ राम्रो नहुने भएपछि धेरैले पेसा नै छाड्दै गएको उहाँले बताउनुभयो । "पछिल्लो पुस्ताले यो सीप नै सिकेका छैनन्", उहाँले भन्नुभयो, "हामीले त जसोतसो यो पेसा गरेकै छौं । कमाइ राम्रो हुने, सजिलै बिक्री हुने भए त नयाँपुस्ताले पनि काम गर्थे होला ।" बाँस किनेर मेहनत गरी बनाएका सामान बिक्री गर्न समस्या हुन थालेको सोही ठाउँकी स्थानीय पाउनी कामीले दुखेसो गर्नुभयो । उहाँले भन्नुभयो, "पहिले हामीले यसैबाट परिवारको गुजारा चलाउने गरेका थियौं । दिनको एक हजारसम्म कमाइहुन्थ्यो । आजभोलि बाँसबाट बनाइएका सामान बिक्री हुनै छाडे ।"

उमेरले ६० वर्षीया कामीले भन्नुभयो, "आजकाल बजारमा प्लास्टिकका सस्ता सामान आउन थाले । बाँसको एउटा नाङ्लो किन्ने पैसाले प्लास्टिकका तीन वटा आउँछन् । जसले पनि सस्तो नै किन्ने हो ।" सस्ता प्लास्टिकका सामग्रीले बाँसका सामग्री विस्थापित हुँदै गएपछि पुर्ख्यौली सीप नै हराउँदै गएको स्थानीय खेमबहादुर विकले बताउनुभयो । सरकारले यस्ता स्थानीय उत्पादनका लागि बजारीकरणको व्यवस्था गरिदिए सहज हुने उहाँको भनाइ छ ।

परम्परागत सीपमा आधारित पेसाको संरक्षणमा जोड दिइने धनगढी उपमहानगरपालिका-११ का वडाध्यक्ष रुपबहादुर कुँवरले बताउनुभयो । "हामीले स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्छ । वडाले पनि सामान किन्दा स्थानीय उत्पादनलाई जोड दिनेछ", उहाँले भन्नुभयो, "यस्ता पेसाको प्रवर्द्धनका लागि आगामी दिनमा सीपमूलक तालिम दिने गरी योजना ल्याउँछौं ।"रासस

# दुना टपरीबाट राम्रो आम्दानी गर्दै खिमा दम्पती

भजनी । महिलाहरू घरायसी काममा मात्रै सीमित हुनुपर्छ भन्ने सोचलाई चिर्दै महिलाहरु व्यवसायमा पनि सक्षम् छन् भन्ने उदाहरण बन्नुभएको छ, भजनी नगरपालिका-९ की खिमादेवी धामी ।

चार वर्ष पहिले रु पाँच लाख खर्चेर स्थापना गरेको महुन्याल दुनाटपरी उद्योगले उहाँलाई उद्यमी बनाएको छ । उहाँले अहिले सोही उद्योगबाट घरमै बसेर मासिक रु ४० हजारभन्दाबढी आम्दानी गर्दै आउनुभएको छ । नगरपालिकाको वडा नं-१ भजनी बजारमा सालको पातबाट दुनाटपरी बनाउने उद्योग सञ्चालन गर्नुभएकी खिमाले गाउँका महिलालाई पनि रोजगारीमा जोड्नुभएको छ ।



"गोठाला गएका, गाउँमा फुर्सदमा भएका महिला दिनभर सामुदायिक वनमा गएर पात टिप्नुहुन्छ । त्यो पात हामीले खरिद गर्छौं", खिमा भन्नुहुन्छ, "प्रतिकेजी रु ३५ देखि ४० मा खरिद गर्छौ ।" यस उद्योगबाट गाउँका महिलाले पनि घरायसी कामको अतिरिक्त समयको सदुपयोग गर्न पाएका छन् ।

उद्योगबाट आफूहरुलाई आयआर्जनको बाटो पनि खुलेको उहाँको भनाइ छ । भजनी नगरपालिका-९ की तारादेवी पुनमगर खिमाले उद्योग सञ्चालनमा ल्याएपछि घरमै रोजगारी आएको अनुभूति भएको बताउनुहुन्छ । दैनिक घाँस दाउरा, गाईवस्तु चराउनका लागि जङ्गल पुग्नुपर्ने तारादेवी अहिले पात टिप्ने काम पनि सँगै गर्नुहुन्छ ।

घरायसी कामसँगै सालका पात टिपेर पैसा आउन थालेपछि तारादेविको घरको सानोतिनो खर्च टार्ने माध्यम खिमाको उद्योग बनेको छ । "घाँस दाउरा, मेलापात गर्दै उमेरले नेटो काट्न लाग्दा जङ्गलमा कुहिएर खेर जाने सालको पात टिपेर पैसा कमाइ होला भन्ने आफूले नसोचेको उहाँले सुनाउनुभयो ।

उहाँ भन्नुहुन्छ, "आज त्यहीं सालको पातले घरको खर्च टारेको छ । सानोतिनो रकमका लागि अरुसँग माग्नुपरेको छैन ।" तारादेवी जस्तै वडा नं ९ का मटेरी टोलका अधिकांशले सालको पात सङ्कलन गरी बिक्री गर्दै आएका छन् । स्थानीय क्षेत्रमा प्रशस्त पाइने त्यो पनि खेर गइरहेको वस्तुबाट आम्दानीसँग जोड्नुभएकी खिमालाई उद्योग सञ्चालनको सुरुवातमा बजारीकरणको समस्या भए पनि अहिले बजारको मागलाई भ्याउन सक्नुभएको छैन । उहाँले हप्ताको एक दिन शनिबार स्थानीयवासीले सङ्कलन गरेको पात खरिद गर्दै आउनुभएको छ । हप्तामा रु २० हजारदेखि रु २५ हजारसम्मको सालको पात खरिद गर्दै आएको उहाँ बताउनुहुन्छ ।

"कैलालीका विभिन्न क्षेत्र हुँदै बर्दियालगायत काठमाडौंसम्म उत्पादन भएको दुनाटपरी जाने गरेको छ । उत्पादन भएको वस्तुका लागि बजार पर्खनुपर्ने स्थिति छैन", उहाँ भन्नुहुन्छ, "उत्पादनको मात्रा बढाउन नसक्दा बजारको मागलाई धान्न मुस्किल भएको छ ।" उद्योगमा दैनिक तीन हजारभन्दा बढी टपरी र छ हजार दुना उत्पादन हुन्छन् । विभिन्न नौ साइजमा दुनाटपरी उत्पादन हुँदै आएका छन् ।उत्पादन भएको वस्तुको बजारीकरणमा खिमालाई श्रीमान् होमबहादुर बोहराले साथ दिनुभएको छ । उहाँले स्थानीय बजार हुँदै बाह्य बजारसम्म उत्पादन भएको वस्तु पुऱ्याउने काम गर्दै आउनुभएको छ । "श्रीमतीले उद्योगभित्रको काम हेर्छिन । मैले बजारको काम हेर्ने गरेको छु", होमबहादुर भन्नुहुन्छ, "श्रीमान् श्रीमती दुवैजना सबै क्षेत्र छोडेर उद्योगलाई अझै स्थापित गर्दै लैजानेतर्फ लागिरहेका छौं ।"

पछिल्लो समय स्थानीय तह प्लास्टिक निषेधित क्षेत्र घोषणा हुँदै जाँदा पातबाट बनेका वस्तुको माग बढेको होमबहादुरको भनाइ छ । नेपालबाट मात्रै नभइ छिमेकीमुलुक भारतका स्थानीय व्यापारीबाट पनि वस्तुको माग भइरहेको उहाँले बताउनुभयो । कुनै समय साथीभाइको वैदेशिक रोजगारीले लोभ्याएर वैदेशिक रोजगारीको तयारीमा लाग्नुभएका होमबहादुर विदेशको नाम पनि चाहनुहुन्न ।

"स्वदेशमै सम्भावना हुँदाहुँदै पनि त्यसको पहिचान गर्न नसक्दा अरुले गरिरहेको बाटोमा हिँड्नुपर्ने बाध्यता हुँदोरहेछ । जुन बाटो मैले पनि लहलहैमा रोजिसकेको थिएँ", होमबहादुरले सुनाउनुभयो, "समयले मलाई यतै केही गर्नुपर्छ भनेर रोक्यो । जसमा श्रीमतीको साथ अनि आत्मविश्वासले मलाई नेपालमै केही गर्नुपर्छ भन्ने कुरा सिकायो । अहिले यो व्यवसायबाट मेरो परिवार सन्तुष्ट छ ।"

दुनाटपरी तयार हुने मेसिनबाट चप्पलसमेत तयार गर्ने गरिएको छ । दुनाटपरीको माग कम भएको समयमा उहाँहरुले सोही उद्योगबाट चप्पल तयार गरेर बिक्रीसमेत गर्दै आउनुभएको छ । चालु आर्थिक वर्षमा उहाँले घरेलु तथा साना उद्योग कार्यालयबाट 'एक उद्योग, एक निर्वाचन क्षेत्र' कार्यक्रम अन्तर्गत मेसिन खरिदका लागि अनुदान पाउनुभएको छ । बीस प्रतिशत लागत सहभागिता रहेको उक्त कार्यक्रमबाट प्राप्त मेसिन आएपछि उद्योगको आकार बढ्ने र बजारको मागलाई थप पूर्ति गर्न सकिने खिमाको विश्वास छ ।

# चिस्यान केन्द्र बनेपछि आलु भण्डारणमा सहज

दमौली । तनहुँको म्याग्दे गाउँपालिकामा निर्माण सम्पन्न भएको चिस्यान केन्द्र सञ्चालनमा आएको छ । कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुको भण्डारण गरी उचित मूल्यमा बिक्रीवितरण गर्ने उद्देश्यसहित गत वर्ष माघमा निर्माण थालिएको चिस्यान केन्द्र सम्पन्न भएर बिहीबारदेखि सञ्चालनमा आएको हो ।



म्याग्दे गाउँपालिका-३ बिरुवामा चिस्यान केन्द्र निर्माण सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार चिस्यान केन्द्र निर्माणका लागि गत वर्षको पुस १ गते पासा कन्स्ट्रक्सनसँग सम्झौता गरिएको थियो ।

रु एक करोड ४७ लाख चार हजार छ सय ४७ को लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो । दुईतले भवन एक सय ९५ दशमलव ८५ वर्गमिटर क्षेत्रफलमा फैलिएको छ । चिस्यान केन्द्रमा कृषकले उत्पादन गरेका आलु, फलफूल, तरकारीलगायतका वस्तु राखिनेछ ।अधिकारीले भन्नुभयो, "कृषिजन्य वस्तु भण्डारणका लागि चिस्यान केन्द्रले सहयोग पुग्नेछ, त्यसका कारण कृषकले उचित मूल्य पाउनेछन्, अधिकारीका अनुसार चिस्यान केन्द्रको क्षमता दुई सय मेट्रिकटन रहेको छ ।"

चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिका सदस्य सचिव रुक्मिता घिमिरेले चिस्यान केन्द्रमा भण्डारणका लागि प्रतिकिलो रु १० शुल्क कायम गरिएको छ । गाउँपालिकाभित्रका कृषकलाई भने ५० प्रतिशत अनुदान दिइनेछ । उहाँले भन्नुभयो, "चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले भण्डारणका लागि शुल्क निर्धारण गरेको छ, चालु आर्थिक वर्षमा गाउँपालिकाभित्रका कृषकलाई प्रतिकिलो रु पाँचमात्रै शुल्क लाग्नेछ ।"घिमिरेले कृषकलाई वडाका टोल विकास संस्थामार्फत एकमुष्ठ आलु सङ्कलन गरी चिस्यान केन्द्रमा भण्डारण गर्न सूचीत गरिएको जानकारी दिनुभयो । आलु सङ्कलन गर्दा प्रत्येक बोरा ५० किलोको हुनुपर्ने निर्णय गरिएको उहाँको भनाइ छ ।

घिमिरेका अनुसार बोरामा सङ्कलन गरिएका आलु कम्तीमा खनेको १५ दिनपछिको र बोक्रा बाक्लो भएको हुनुपर्नेछ । त्यस्तै टोलविकास संस्थामार्फत आउँदा किसानले आफूले चिन्ने गरी बोरामा सङ्केत नाम राख्नुपर्नेछ ।म्याग्देले समृद्ध गाउँपालिका निर्माणका लागि कृषिलाई प्राथमिकतामा राखेको छ । कृषकले कृषिजन्य वस्तु उत्पादन गर्ने तर समयमा बिक्री हुन नसक्दा समस्या हुँदै आएको गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले बताउनुभयो । "यो समस्या समाधानका लागि चिस्यान केन्द्र अतिआवश्यक थियो, यसले गर्दा कृषकले उचित मूल्य पाउनेछन्", श्रेष्ठले भन्नुभयो ।

उत्पादित वस्तु समयमा बेच्न नसक्ने हुँदा सड्ने र वस्तु घाटामा बेच्नुपर्दा व्यवसायमा असर पर्ने देखिएकाले गर्दा चिस्यान केन्द्रमार्फत वस्तुको भण्डारण गरिने श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, "कृषकलाई उत्पादनमा प्रेरित गर्ने वस्तुको बजारीकरणमा सहयोग गर्ने गरी पालिका अगाडि बढेको छ, चिस्यान केन्द्र सञ्चालनपछि कृषक आफैंले उत्पादित वस्तुको भण्डारण र बिक्री गरी आयआर्जन गर्न सक्नेछन् ।"

म्याग्दे गाउँपालिकाका कृषक केही वर्षयता सामूहिक आलुखेतीतर्फ आकर्षित छन् । विगतमा धान, मकै, गहुँजस्ता अन्नबाली लगाइने ठूला फाँटमा कृषकले अहिले सामूहिकरुपमा आलुखेती गरिरहेका छन् ।यसअघि केही कृषकले निर्वाहमुखीरुपमा मात्र आलुखेती गर्ने गरेकामा गाउँपालिकाले व्यावसायिक आलुखेती गर्न प्रोत्साहन गरेपछि कृषक सामूहिकरुपमा आलुखेतीतर्फ आकर्षित भएका हुन् ।

विगतका वर्षमा व्यक्तिगतरुपले निर्वाहमुखीरुपले मात्र आलुखेती गर्दै आएकामा गाउँपालिकाले आलुखेतीमा अनुदान दिन थालेपछि समूह बनाएर आलुखेती गरिएको कृषक लक्ष्मी भण्डारीले बताउनुभयो । चिस्यान केन्द्रको अभावमा विगतमा आलु कुहिएर जाने समस्या रहेको जनाउँदै उहाँले अब चिस्यान केन्द्र सञ्चालनमा आएपछि सहज हुने बताउनुभयो । गाउँपालिकाको साँगे, रानीटारी, थर्पु, पयर, धयरे, छाङपाटन, पीपलडिहीलगायतका क्षेत्रमा सामूहिक आलुखेती भइरहेको गाउँपालिकाको कृषि शाखाले जनाएको छ ।रासस

# मुङखेती विस्तार गर्न बीउमा अनुदान

गोदावरी । धनगढी उपमहानगरपालिकाले मुङखेती विस्तार गर्न किसानलाई बीउमा अनुदान दिएको छ । मुङको बीउमा अनुदान दिएर उत्पादन बढाउने उद्देश्यले किसानलाई मुङको बीउमा अनुदान दिइएको हो ।



गत वर्ष बीउमा शतप्रतिशत अनुदान दिएको उपमहानगरले यस वर्ष ७५ प्रतिशत अनुदान दिएको कृषि शाखाले जनाएको छ । मुङखेतीमा किसानको आकर्षण बढाउन यस वर्ष ५७ किसानलाई मुङबीउमा अनुदान दिइएको उपमहानगरले जनाएको छ । आलु, तोरी र अन्य हिउँदे बाली लगाएको खेतमा मुङखेती गरेर छोटो समयावधिमा लाभ लिन सकिनेछ । धनगढी उपमहानगरपालिकाले मुङखेती प्रवर्द्धन गर्ने नीतिअनुसार यस वर्ष पाँच वडाका किसानलाई मुङखेती गर्न बीउमा अनुदान उपलब्ध गराएको हो ।

उपमहानगरले गत वर्ष कृषि विकास निर्देशनालयबाट प्राप्त बीउ वडा नं ६, ९, १२, १७ र १८ का एक सय ९१ किसानलाई निःशुल्क उपलब्ध गराएको हो । गत वर्ष धनगढीमा किसानले ७५ बिघामा मुङखेती गरेको कृषि शाखा प्रमुख लोकराज उपाध्यायले बताउनुभयो ।गत वर्ष धनगढीका एक सय ९१ किसानले ७५ बिघामा मुङखेती गर्दा २० टन उत्पादन भएको उहाँको भनाइ छ । गत वर्ष निःशुल्क बीउ वितरण गरेको उपमहानगरले यस वर्ष ७५ प्रतिशत अनुदानका लागि पाँच सय ५० किलोग्राम बीउमात्रै किसानलाई बीउ वितरण गरिएको जनाइएको छ ।

उपमहानगरपालिकाभित्र यस वर्ष ३० बिघामा मुङखेती गरिएको छ । मुङखेतीमा राम्रो आम्दानी हुने भए पनि खेती गर्दा हरेक तीन-चार दिनको अन्तरमा कोसा टिप्नुपर्ने, समयसमयमा सिँचाइ गर्नुपर्ने भएकाले झन्झटिलो मानेर किसानले रुचि नदेखाएको कृषि शाखा प्रमुख उपाध्यायले बताउनुभयो । गहुँ काटेपछि खाली रहेको जमिनमा मुङखेती गरेर किसानले लाभ लिने उपाध्यायले जनाउनुभयो ।

धनगढीका सबै वडामा मुङखेती गर्न सकिने भए पनि हरेक तीन-चार दिनमा कोसा टिप्नुपर्ने, सिँचाइ गर्नुपर्ने भएकाले झन्झटिलो मानेर किसान मुङखेतीतर्फ आकर्षण बढ्न नसकेको जनाइएको छ । रासस


## श्री सैनिक आवासीय महाविद्यालय, बर्दिवास, महोत्तरी

## खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र (e-GP) आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मिति २०८०/१२/१९ गते)

१. आ.व.२०८०/८१ मा यस महाविद्यालयको लागि आवश्यक मेशिनरी औजार साम्रगी ठेक्का लिन ईच्छुक फर्म र संस्था वा कम्पनीहरुको लागि यसै सूचनाद्वारा यो विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**सिलबन्दी दरभाउपत्रको विवरण**

| सि. नं. | सूचना नम्बर | कामको विवरण | पेश गर्नूपर्ने सिलबन्दी दरभाउपत्र जमानत अंक (ने.रु.) | सिलबन्दी दरभाउपत्र दस्तूर (ने.रु.) | सिलबन्दी दरभाउपत्र मान्य हूने अवधी | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | NAWF/SAMV/GOODS/ BDS/080/81/89 | मेशिनरी औजार खरिद | ४५,०००।- | १,०००।- | ४५ दिन | २०८१।०१।०४ गते १२०० बजे सम्म | २०८१।०१।०४ गते १३०० बजे सम्म |

२. खरिद सम्बन्धी थप जानकारीको लागि श्री सैनिक आवसीय महाविद्यालय, बर्दिवास, महोत्तरीको फोन नं:०४४-५९०१०४, ९८५४०३००७० इमेलः armyschool-bardibas@nepalarmy.mil.np र Website: nepalarmy.mil.np वा sambm.edu.np मा सर्म्पक गर्न हुन ।

३. सिलबन्दी दरभाउपत्रदाताहरुले e-GP प्रणालीमा व्यवस्था भए बमोजिम अन्य विवरण समेत भर्नुपर्नेछ ।



## नापी कार्यालय, धनुषाको

## हकदावी सम्बन्धी २१ दिने सूचना

उपरोक्त समबन्धमा नापी कार्यालय धनुषा जनकपुरधामको नि.द.न. ४४७९ मिति २०८०/११/२४ बाट जि. काठमाण्डौं महानगरपालिका वडा नं. ३ मा बस्ने विजय कुमार सिंह व्यक्तिले परापुर्व काल देखि दर्ता तिरो केहि नभई मेरो स्ववासी दर्ता गरि पाऊ भनि दाबी गरेको हुदा जग्गा नाप जाच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम सूचना प्रकाशित गरिएको छ । सो उपर कसैको हकभोग भए वा उक्त जग्गा ऐलानी, सार्वजनिक, वन क्षेत्र वा गुठि अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आफै वा रित पुर्वक वारिस पठाई स-प्रमाण उजुर गर्नु होला अन्यथा निम्न उल्लेख भएका जग्गा निवेदकको नाममा जग्गा नाप जाच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम स्ववासीमा दर्ता भई जाने व्योहोरा समेतको सूचना गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स./ न.पा. | वडा नं | न.सी.न. | कि. न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| धनुषा | जनकपुर | १ | १३५६-१३ | १८ | ०,०१९६.८० |

# जनमतका सांसद यादवद्वारा कार्यालय प्रमुखलाई हातपात




टुडे समाचारदाता

राजविराज । मधेश प्रदेश सभामा जनमत पार्टीका संसदीय दलका नेता एवं प्रदेशका निवर्तमान शिक्षा मन्त्री महेश प्रसाद यादवले आइतबार दिउँसो पूर्वाधार विकास कार्यालय राजविराजका प्रमुख प्रवीण प्रताप अधिकारीलाई दुर्व्यवहार गरेका छन् ।

दुई वटा योजनाको चिठ्ठी आफूले पठाएको व्यक्तिलाई नदिएको भन्दै निवर्तमान मन्त्री यादवले आफूलाई कार्यालयमै हातपात गरेको पूर्वाधार विकास कार्यालयका प्रमुख अधिकारीले बताए ।

अधिकारीका अनुसार प्रदेश सरकारको रेडबुकमा रहेको १०/१० लाख रुपैयाँको दुईवटा योजनाको चिठ्ठी लिन राजविराज नगरपालिका वडा नं १३का वडा सदस्य चन्द्रिका यादव आइतबार दिउँसो पूर्वाधार विकास कार्यालय राजविराज आएका थिए ।

> निवर्तमान मन्त्री यादवले हातपातको कुरा अस्विकार गरे । उनले प्रदेश सरकारको योजनाको चिठ्ठी दलाल मार्फत बिक्री वितरण गर्न थालेपछि आफू आवेशमा आएको बताए ।" काम गर्न नसक्ने भए तपाई यहाँबाट जानुस् भन्दै हलका ठेलेको मात्रै हो, हातपात गरेको होइन्," निवर्तमान मन्त्री यादवले भने ।

कार्यालय प्रमुख अधिकारीले राजविराजनगरपालिका-१३पिपराहीमा सामुदायिक भवन निर्माण र सोही वडाको बिषहरीयामा एकनाथको घरदेखि महावीर स्कूलसम्म आरसीसी ढलानको दुवै योजना संचालनका लागि कोटेसनको सूचना निकालिसकेको जवाफ वडा सदस्य यादवलाई दिएका थिए ।

त्यसपछि वडा सदस्य यादवले निवर्तमान शिक्षा मन्त्री महेश यादवलाई फोन लगाउँदै कुरा गर्न कार्यालय प्रमुख अधिकारीलाई थमाएका थिए । कुरा गर्ने क्रममा निवर्तमान मन्त्रीको आवाज नचिनेको भन्दै वडा सदस्य यादवले फोन लिएका थिए ।' त्यसको केही बेरमै निवर्तमान मन्त्री ज्यु आउनुभो, मैले नमस्ते भने उहाँले हातपात गर्न थाल्नुभो,' उनले भने ।

निवर्तमान मन्त्री यादवले कार्यालय प्रमुख अधिकारीलाई हातपात गरिरहँदा सो कार्यालयमा जनमत पार्टीबाट निर्वाचित प्रदेश सभाद्वय सकिल अली, शम्भू साह तथा जनमत पार्टीकै तर्फबाट निर्वाचित हनुमाननगर कंकालिनी नगरपालिकाका नगरप्रमुख वीरेन्द्र माझी समेत सोही कार्यालयमा रहेका थिए ।

प्रदेश सभा सदस्य अलीले निवर्तमान मन्त्री यादवले कार्यालय प्रमुख अधिकारीलाई हातपात नभई धकेलाधकेल गरेको बताए । हातपातछि कार्यालय प्रमुख अधिकारीले कार्यालयमा काम गर्ने सहज वातावरण नभएको बताए ।

निवर्तमान मन्त्री यादवले हातपातको कुरा अस्विकार गरे । उनले प्रदेश सरकारको योजनाको चिठ्ठी दलाल मार्फत बिक्री वितरण गर्न थालेपछि आफू आवेशमा आएको बताए ।' काम गर्न नसक्ने भए तपाई यहाँबाट जानुस् भन्दै हलका ठेलेको मात्रै हो, हातपात गरेको होइन्,' निवर्तमान मन्त्री यादवले भने ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी किरण थापाले कर्मचारीमाथि दुर्व्यवहार भएको जनाकारी प्राप्त भएको बुझ्ने काम भइरहेको बताए ।

# नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा जनसाख्यिक तथ्याङ्कलाई ख्याल गर्न आग्रह

**जनसंख्या र तथ्याङ्कलाई आधार मानेर योजना तथा बजेट विनियोजन हुने परिपाटी भएको भए वर्षौंदेखि उपेक्षित मधेशलगायतका क्षेत्र प्राथमिकतामा पर्ने थिए भन्दै सभामुख मण्डलले सो परिपाटीको विकास नहुँदा संघीय व्यवस्थामाथि नै प्रश्न उठिरहेको धारणा राखे ।**



टुडे समाचारदाता

जनकपुरधाम । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा जनसाख्यिक तथ्याङ्कले औँल्याएका समस्या, चुनौती र आवश्यकतालाई ख्याल गर्न सरोकारवालाको आग्रह छ ।

जनकपुरधाममा आयोजना गरिएको 'नीति, योजना र विकासमा जनसंख्या तथ्याङ्कको प्रयोगसम्बन्धी अन्तरक्रिया' मा सरोकारवालाहरू त्यस्तो आग्रह गरे । मधेश प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुखलाई लक्षित गरी आयोजित सो कार्यक्रममा मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले शक्ति, पहुँच र पदमा भएका व्यक्तिले योजनालाई प्रभावित पार्ने परिपाटीलाई अन्त्य गर्न पनि तथ्याङ्कमा आधारित बजेट र नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिए ।

उनले राज्यको ठूलो लगानीमा राष्ट्रिय जनगणना, अन्य आवधिक तथ्याङ्क सङ्कलन गर्दा देखिएका तथ्य, तथ्याङ्क र आवश्यकतालाई अनदेखा गरी आफ्नै क्षेत्रमा बढी बजेट लैजान अभ्यासले सन्तुलित विकासको सिद्धान्त नै प्रभावित भएको बताए ।

"सामाजिक विविधता, जनताका आवश्यकता, स्रोतको उपलब्धतालाई ख्याल गरेर योजना बनाउन तथ्याङ्क निकै उपयोगी हुन्छ तर जनसाख्यिक तथ्याङ्क र आवश्यकता एकातिर र बजेट अर्कोतिर हुने अवस्था छ । प्रधानमन्त्री, मन्त्री, त्यसमा पनि अर्थमन्त्री र प्रभाव पार्नसक्ने व्यक्तिको क्षेत्रमा बढी बजेट जानु त्यसका उदाहरण छन्", सभामुख मण्डलले भने । उनले तथ्य, आवश्यकता र प्राथमिकता निर्धारण गरेर बजेट विनियोजन गर्नुपर्ने धारणा राखे । त्यसका लागि पदमा भएका व्यक्तिहरूलाई सचेत गराउन सत्तापक्ष, प्रतिपक्षको मानसिकताभन्दा माथि उठेर खबरदारी गर्न पनि जरुरी रहेको उनको भनाइ छ ।

जनसंख्या र तथ्याङ्कलाई आधार मानेर योजना तथा बजेट विनियोजन हुने परिपाटी भएको भए वर्षौंदेखि उपेक्षित मधेशलगायतका क्षेत्र प्राथमिकतामा पर्ने थिए भन्दै सभामुख मण्डलले सो परिपाटीको विकास नहुँदा सङ्घीय व्यवस्थामाथि नै प्रश्न उठिरहेको धारणा राखे ।

त्यस्तै, राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक ढुण्डिराज लामिछानेले जनसंख्यासम्बन्धी तथ्याङ्कको प्रयोगसम्बन्धी कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय जनगणनाले औँल्याएका समस्या, चुनौती र आवश्यकतालाई आधार मानेर जानसकेमा पनि धेरै समस्या समाधान हुने धारणा राखे । उनले विकासका लागि तथ्याङ्क भन्ने मान्यतालाई विश्वव्यापीरूपमा अङ्गिकार गरी विकास योजना तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने अभ्यास सुरू भइसकेको भन्दै नेपाल पनि त्यो बाटोमा अगाडि बढ्न जरुरी रहेको धारणा राखे ।

"मधेशकै कुरा गर्दा लैङ्गिक अनुपात, साक्षरतादर, स्वास्थ्य, शिक्षा र मानव विकासका अन्य सूचकाङ्कहरू नकारात्मक छन् । त्यसलाई सम्बोधन गर्न सोहीअनुसारको नीति तथा कार्यक्रम, बजेट र योजनाको आवश्यकता छ । त्यसर्थ यस विषयमा प्रदेशसभा र यहाँको सरकारले विशेष निगरानी गर्नु उपयुक्त हुन्छ", उनले भने ।

केन्द्रीय तथ्याङ्क विभागका पूर्वमहानिर्देशक नेविनलाल श्रेष्ठले नेपालको संविधानले कम्तीमा चारवटा क्षेत्रमा जनसंख्या तथ्याङ्कको प्रयोगलाई अनिवार्य गरेको उल्लेख गरिएको भन्दै त्यसमा सचेत रहन नीति निर्माताहरूलाई आग्रह गरे ।

निर्वाचन क्षेत्र निर्धारण, निर्वाचनमा विभिन्न समुदायको समानुपातिक प्रतिनिधित्व, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको हक अधिकार कार्यान्वयन, महिला, दलित समुदायको विशेष अधिकारको व्यवस्था गर्न संविधानले नै जनसंख्यालाई आधार मान्ने व्यवस्था गरिएकाले त्यसमा समेत रहन उनको आग्रह थियो । "केन्द्र सरकारबाट प्रदेश सरकार र स्थानीय तहहरूमा स्रोत बाँडफाँट गर्न जनसंख्या तथ्याङ्कको आवश्यक हुन्छ । त्यस्तै बालबालिका, वृद्धवृद्धा, अल्पसंख्यक, न्यूनआय भएका परिवारको पहिचान तथा समावेशी विकास नीति कार्यान्वयन गर्न पनि जनसंख्या तथ्याङ्कलाई केन्द्रभागमा राख्न जरुरी छ", श्रेष्ठले भने ।

मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले तथ्याङ्कको प्रयोगविना समस्याको समाधान गर्न नसकिने र सन्तुलित विकास प्रक्रिया नै अवरुद्ध हुने भन्दै आफूहरूले यस विषयमा सरोकारवालाको ध्यानाकर्षण गराइरहेको बताए ।

उनले सङ्घीयता कार्यान्वयनमा आएपछि निर्माण गरिएको प्रदेशको पहिलो आवधिक योजना कार्यान्वयनको अन्तिम वर्षमा रहेको भन्दै अर्को योजना बनाउँदा अझै वस्तुनिष्ठ बनाउन सबैको सहयोग अपरिहार्य रहेको बताए ।

कार्यक्रममा अपिल मिडियाका अध्यक्ष चेतन अधिकारी, द एशिया फाउन्डेसनका डेपुटी निर्देशक प्रनय नापित, मधेश प्रदेशसभा सदस्यहरू राम अशिष यादव, जिवछी यादव, रानी शर्मा तिवारीलगायतले आफ्नो धारणा राखेका थिए ।

# 'समृद्ध नेपालका लागि पर्यटन क्षेत्रको विकासमा ध्यान दिनु पर्छ'




टुडे समाचारदाता

जनकपुरधाम । उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले समृद्ध नेपालका लागि पर्यटन क्षेत्रको विकास तर्फ ध्यान दिनुपर्ने बताएका छन् ।

जनकपुरधाममा आइतबार नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन गर्दै उपप्रधानमन्त्री महासेठले नेपालमा पर्यटनको प्रचुर सम्भावना रहेकाले यस तर्फ ध्यान दिनुपर्ने बताए ।

नेपालमा हरेक कोणबाट पर्यटन क्षेत्रको विकासका लागि अग्रसर हुनुपर्नेमा उनले जोड दिए । प्राकृतिक सौन्दर्य, भौगोलिक विविधता, सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले समृद्ध मधेश प्रदेश रहेकाले यसतर्फ पनि पर्यटनको प्रचुर सम्भावना रहेको उनले प्रस्ट्याए ।

जनकपुरधाममा जनककी छोरीको रुपमा सीता माताको जन्म, ऋषि मुनिहरूको शास्त्रार्थ गर्ने थलो, ५२ कुट्टी, ७२ कुण्डको नगरीको रुपमा रहेकाले यस ठाउँको सौन्दर्यकरण तथा विकासका लागि बाह्य चक्रपथको डिपिआरको निर्माण कार्य छिट्टै नै अघि बढाइने उनले बताए ।

उपप्रधानमन्त्री महासेठले जनकपुरधाम-अयोध्या र अयोध्या-जनकपुरधाम रेल सञ्चालनका लागि मन्त्रालयले प्रक्रिया अघि बढाएकाले चाँडै रेल सञ्चालन भएमा पर्यटन व्यवसायीहरूलाई समेत यसले टेवा पुग्ने बताए ।

एमाले मधेश प्रदेश संसदीय दलका उपनेता दीपेन्द्र ठाकुरले जनकपुरधामको गरिमा र महिमा बढाउनका लागि पर्यटन व्यवसायीले गर्नुपर्ने बताउँदै उनले जनकपुरधामको विकासका लागि विशेष योजना ल्याउनु पर्ने बताए ।

जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश संसदीय दलका सचेतक रामअशिष यादवले पर्यटन क्षेत्रको विकास गर्ने दायित्व वर्तमान संविधानले तीन वटै तहका सरकारलाई दिएकाले पर्यटन क्षेत्रको विकास तर्फ समन्वय, सहकार्य गर्दै काम गर्न जरुरी रहेको बताए ।

मधेश प्रदेशका प्रदेशसभा सदस्य शारदा देवी थापाले हिन्दूहरुको आस्थाको केन्द्र रहेको जनकपुरधामको विकास तथा सौन्दर्यकरणका लागि स्थानीय तहले विशेष पहलकदमी लिनुपर्ने बताइन् ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले मधेश प्रदेशको समृद्धिको लागि हुलाकी राजमार्गको निर्माणका लागि भौतिक पूर्वाधार तथा यातायातमन्त्रीसमेत रहेका उपप्रधानमन्त्री महासेठको ध्यानाकर्षण गराए । उनले पर्यटनलाई उद्योगको रुपमा विकास गर्न पर्यटन व्यवसायीहरूलाई हरेक प्रकारको सहयोग गर्न तयार रहेको बताए ।

# जलेश्वर नगरपालिकामा ताला

टुडे समाचारदाता

जलेश्वर।महोतरीको जलेश्वर नगरपालिकामा जनप्रतिनिधिहरुले नगरपालिकाका विभिन्न फाँटहरुमा तालाबन्दी गरेका छन् ।

नगरपालिकाको रेडबुक पटक-पटक सार्वजनिक गर्नुपर्ने माग गरे पनि नगरपालिकाले उपलब्ध नगराएको, नगर सभा भएको ९ महिनासम्म योजनाहरु सञ्चालन नगरेको, डोर हाजरीमा काम गरेका कर्मचारीको तलब नदिएको भन्दै वडा अध्यक्षहरुले आइतबार नगरपालिकाको योजना, लेखा, प्राविधिक फाँट र प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाएका छन् ।

नगर सभा भएको ९ महिनासम्म स्वास्थ्य चौकीका लागि आवश्यक औषधि खरिद नगरेको, किसानहरुको योजना नगरपालिकाको प्राथमिकतामा नपरेको र नगरपालिको काम र सेवाबारे सार्वजनिक सुनुवाइ नगराएपछि ताला लगाउनु परेको वडा नम्बर २ का वडा अध्यक्ष बरुण दहालले बताए ।

नगरपालिकामा कर्मचारीको बिवरण पटक-पटक मागे पनि वेवास्ता गरेपछि नगरपालिकाको फाँटहरु र प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाउन बाध्य भएको दहालले बताए ।

# असार १५ गतेभित्र कमला पुल सम्पन्न गर्न निर्देशन

टुडे समाचारदाता

जनकपुरधाम । उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले असार १५ गतेभित्र कमला पुलको निर्माण सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका छन् ।

मन्त्री महासेठले आइतवार विहान पुलको निरीक्षण गरेका थिए । उनले असार १५ गतेभित्र निर्माण सम्पन्न नभए सरकारले विकल्प खोज्ने चेतावनी दिए । "धनुषा र सिरहाका जनताले यतिका दिन दुःख भोग्यो अब भोग्न दिन्न", उनले भने, "करिब १३ वर्षदेखि निर्माणाधीन यो पुलको पुनःनिर्माण समयमै सम्पन्न गर्नुपर्‍यो ।" नेपाल सरकारले पनि निर्माणाधीन योजनालाई समयमै सम्पन्न गर्ने नीति लिएको उनले बताए ।

मन्त्री महासेठ जनकपुरधाम आएलगत्तै कमला पुलसँगै हुलाकी सडकको निरीक्षण गरे । उनले मधेशको लाइफलाइन मानिने हुलाकी सडकको निर्माण यथाशीघ्र सम्पन्न गराएर जनतालाई सास्ती भोग्नबाट मुक्त गराउने प्रतिबद्धता जनाए ।

उनले धनुषाको औरहीलगायतका ठाउँमा निर्माण हुन बाँकी सडकको निरीक्षण गरे । बन्न बाँकी सडक र पुल समयमै निर्माण सम्पन्न गर्न उनले ठेकेदारलाई निर्देशन दिए । ठाउँठाउँमा सडक र पुल निर्माणको काम सम्पन्न नभएर हुलाकी सडक सञ्चालनमा आउन सकेको छैन ।

कमला पुल निर्माणको ठेक्का सम्झौता भएको १० वर्षपछि सम्पन्न भए पनि उद्घाटनको एक महिना अगाडि गत असार १८ गतेको बाढीले भासिएको थियो ।

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं ।**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिचि हात धोऔं ।
- हत्कोला पछाडि, औंलाको बिच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसंग सबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८